# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १० | अंक १०१ | काठमाडौं | बुधबार, १७ साउन २०८० | Prabhab National Daily | Wednesday, August 2, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५/-


# अघि बढाइँदै टिआरसी विधेयक



गम्भीर मानवअधिकार उल्लंघनका घटनाबाहेकमा मेलमिलाप गरेर अगाडि बढ्नुपर्छ भन्ने सुझाव आएको छ ।

■ **मीन विश्वकर्मा**
प्रचार विभाग प्रमुख, नेका



समितिमा रहेको विधेयकमाथि कानुन उपसमिति बनाई छलफल सकेर अहिले प्रतिवेदन लेख्ने काम भइरहेको छ ।

■ **सन्तोष परियार**
प्रमुख सचेतक, रास्वपा



टिआरसी विधेयक समितिमै छ । छिटोभन्दा छिटो टुंग्याउने भन्ने नै हो । हामी यसमा संवेदनशील छौं ।

■ **रेखा शर्मा**
प्रवक्ता, नेपाल सरकार

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाली कांग्रेसले 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग (टिआरसी) तेस्रो संशोधन विधेयक-२०७९ चाँडो पारित गर्नुपर्ने निष्कर्ष निकालेको छ । संक्रमणकालीन न्याय प्रक्रियालाई चाँडो टुंग्याउन सरकारले ल्याएको टिआरसी विधेयक अघिल्लो कार्यकालको प्रतिनिधिसभामै पारित गराउने तयारी भए पनि समयमै प्रतिवेदन नबुझाउँदा अलपत्र परेको थियो ।

अघिल्लो भदौ १३ गते संसद्मा टिआरसी विधेयक प्रतिनिधिसभाबाट स्वीकृत भएको थियो । तर, त्यतिबेला विभिन्न कारण देखाउँदै संसद्मै रोकिएको थियो ।

प्रधानमन्त्री पुष्पकमल दाहालले सोमबार दलका सचेतकहरूसँग टिआरसी विधेयकमा प्राथमिकता दिएर अगाडि बढाउन आग्रह गरे । त्यसलगत्तै कांग्रेस संसदीय दलका प्रमुख सचेतक रमेश लेखकको सक्रियतामा कांग्रेस पदाधिकारी तथा पूर्वपदाधिकारीको बैठक बसेर विधेयकलाई अघि बढाउन कांग्रेस तयार भएको हो ।

गम्भीर मानवअधिकार उल्लंघनका घटना र मानवअधिकार उल्लंघनका घटनालाई वर्गीकृत गरी गम्भीर उल्लंघन घटनामा पीडकलाई उन्मुक्ति दिन नहुने तथा त्यसबाहेकका उल्लंघनका घटनामा भने मेलमिलाप गर्नुपर्ने धारणा बनाएको कांग्रेसका प्रचार विभाग प्रमुख मीन विश्वकर्माले जानकारी दिए । बैठकमा अधिकांश नेताले सर्वोच्च अदालतको आदेशका आधारमा अघि बढ्नुपर्ने सुझाव दिएका थिए ।

'गम्भीर मानवअधिकार उल्लंघनका घटनाबाहेकमा मेलमिलाप गरेर अगाडि बढ्नुपर्छ भन्ने सुझाव आएको छ,' विश्वकर्माले भने, 'मेलमिलाप गराउँदा पीडितको कुरालाई प्राथमिकता दिने कुरा भयो । अब यिनै सुझावअनुसार विधेयकलाई अघि बढाउने काम हुन्छ ।' सिंहदरबारस्थित कांग्रेस संसदीय दलको कार्यालयमा भएको बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवा, दलका पदाधिकारी, पूर्वपदाधिकारीहरूको उपस्थिति थियो । विधेयक अहिले प्रतिनिधिसभाको कानुन समितिमा छलफलको क्रममा छ ।

टिआरसी विधेयकबारे सरकार संवेदनशील रहेको सरकारका प्रवक्तासमेत रहेकी सञ्चारमन्त्री रेखा शर्माले बताइन् । यद्यपि यसबारे मन्त्रिपरिषद्मा कुनै छलफल नभएको शर्माले बताइन् । 'टिआरसी बिल समितिमै छ । छिटोभन्दा छिटो (**बाँकी पृष्ठ २ मा**)

# कोशीमा अब के होला ?

■ **जेबी योञ्जन**

**काठमाडौं–** कोशी प्रदेशले फेरि नयाँ मुख्यमन्त्री पाएको छ । प्रदेश प्रमुख परशुराम खापुङले मंगलबार नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

प्रधानमन्त्री पुष्पकमल दाहालसहित गठबन्धन दलका नेताहरूको आग्रहलाई राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देनले अस्वीकार गर्दा अन्ततः सभामुखले राजीनामा दिएर सांसद भएपछि मात्रै कोशीमा सरकार गठन भएको हो ।

सभामुखबाट राजीनामा दिएर सांसद हुने बाबुराम गौतम हुन् । उनको दल नेकपा माओवादी केन्द्र हो । गौतमकै एक मतले बहुमत पुगेपछि कांग्रेसका थापा मंगलबार मुख्यमन्त्री बने । बहुमतका लागि चाहिने ४७ जना सांसद हो । गौतमले समर्थन गर्दा ठिक्क बहुमत पुग्यो । यससँगै संवैधानिक रूपमा थापालाई प्रदेश प्रमुख परशुराम खापुङले मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

अब उनले आगामी ३० दिनभित्र संसद्मा विश्वासको मत लिनुपर्ने प्रदेश संसद् सचिवालय कोशीका प्रवक्ता गौतमराज अमात्यले बताए । 'संविधानको धारा १६८ को उपधारा (४) अनुसार नवनियुक्त मुख्यमन्त्रीज्यूले विश्वासको मत लिनुपर्छ । त्यसको समय ३० दिन हुन्छ,' उनले प्रभावसँग भने, 'विश्वासको मत पाउनुभयो भने सरकारले निरन्तरता पाउँछ । होइन भने पाउँदैन ।'

विश्वासका लागि ९३ सदस्यीय प्रदेशसभामा ४७ सांसद आवश्यक पर्छ । अहिले उपसभामुखसहित एमालेका ४० र राप्रपाका छ सांसद एउटा समूहमा छन् । सत्ता गठबन्धनमा कांग्रेसका २९, माओवादीका १३, नेकपा एसका चार र जसपाका एक गरी ४७ सांसद छन् । सरकारको दाबी गर्दा थापाको पक्षमा ४७ सांसद देखिए । तर, विश्वासको मत पाउने सम्भावना उनको निकै कम हुने आकलन गर्न थालिएको छ । किनभने, थापाको मुख्यमन्त्री नियुक्तिपछि प्रदेशमा अनेक राजनीतिक घटनाक्रम विकसित हुनसक्ने नेताहरू (**बाँकी पृष्ठ २ मा**)



**कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङ मंगलबार नेपाली कांग्रेस संसदीय दलका नेता उद्धव थापालाई प्रदेशको मुख्यमन्त्रीमा नियुक्त भएको पत्र प्रदान गर्दै ।** *तस्बिरः रासस*

संविधानको धारा १६८ को उपधारा (४) अनुसार नवनियुक्त मुख्यमन्त्रीज्यूले विश्वासको मत लिनुपर्छ । त्यसको समय ३० दिन हुन्छ ।

■ **गौतमराज अमात्य**
प्रवक्ता, कोशी प्रदेश

—ooo—

उपसभामुखलाई अहिले नै राजीनामा गराउने सोचेका छैनौं । तर, परिस्थिति हेरौं के हुन्छ । परिस्थितिअनुसार उहाँको राजीनामा आउने/नआउने हुन्छ ।

■ **रामबहादुर राना**
उपनेता, एमाले कोशी प्रदेश

—ooo—

सभामुखले जसरी निर्णायक (बराबरी) अवस्थामामात्रै मतदान गर्न पाउँछन्, त्यही व्यवस्था ज्येष्ठ सदस्यको हकमा पनि लागू हुन्छ ।

■ **डा. विपिन अधिकारी**
संविधानविद्

## यस्तो छ कोशी प्रदेशको घटनाक्रम

| | |
|---|---|
| **२०७९ पुस २४** | एमालेका ४०, माओवादीका १३, राप्रपाका ६ र जसपाका एक सांसदको समर्थनमा हिक्मत कार्की मुख्यमन्त्रीमा नियुक्त |
| **फागुन १७** | प्रदेशको नाम कोशी नामाकरण गर्ने प्रस्ताव प्रदेशसभाबाट पारित |
| **२०८० जेठ १७** | जसपा सरकारबाट फिर्ता |
| **जेठ २३** | माओवादी सरकारबाट फिर्ता |
| **असार १५** | विश्वासको मत नपाउँदा मुख्यमन्त्री हिक्मत कार्कीको पद गुम्यो |
| **असार २२** | सभामुखसमेतको समर्थनमा कांग्रेसका उद्धव थापा मुख्यमन्त्री नियुक्त |
| **असार २२** | थापाको नियुक्तिविरूद्ध सर्वोच्च अदालतमा एमालेको रिट |
| **असार २७** | दीर्घकालीन असर पर्ने कुनै निर्णय नगर्न सर्वोच्चको आदेश |
| **साउन ८** | कोशी सरकारको मुद्दा पूर्ण इजलासमा पठाउने आदेश |
| **साउन ११** | उद्धव थापाको मुख्यमन्त्री नियुक्ति बदर । सात दिनभित्र नयाँ सरकार गठन गर्न आदेश |
| **साउन १२** | प्रदेश प्रमुख परशुराम खापुङद्वारा मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान |
| **साउन १६** | सभामुख बाबुराम गौतमको राजीनामा |
| **साउन १६** | उद्धव थापा ४७ सांसदको समर्थनमा मुख्यमन्त्रीमा नियुक्त |

**सन्दर्भ : वैदेशिक रोजगार**

# महिला घरेलु कामदार जान लगाएको प्रतिबन्ध खुलाउन दबाब



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले वैदेशिक रोजगारीमा महिला घरेलु कामदार जान लगाएको प्रतिबन्ध फुकुवा गरी वैधानिक बाटो खुला गर्नुपर्ने मागसहित अभियन्ताहरूले राष्ट्रिय महिला आयोगको ध्यानाकर्षण गराएका छन् । पौरखी नेपाल र नेपाल घरेलु कामदार सरोकार समाजले मंगलबार संयुक्तरूपमा आयोगकी सदस्य कृष्णकुमारी पौडेल खतिवडालाई भेटी सरकारले लगाएको प्रतिबन्ध फुकुवा गराउन निर्देशन तथा सिफारिसका लागि ध्यानाकर्षण गराएका हुन् ।

वैदेशिक रोजगारीका लागि घरेलु श्रममा जाने महिलाहरू गैरकानुनी बाटोबाट जानु दुःखद रहेको पौडेलले बताइन् । उनले महिलाहरूको स्वतन्त्ररूपमा हिँड्डुल गर्न र रोजगारीको हक सुरक्षित रहेकाले यसलाई सरकारले बन्देज लगाउन नहुने बताइन् । 'विदेशमा महिला घरेलु कामदार असुरक्षित छन् भन्ने गरिन्छ,' पौडेलले भनिन्, 'बरु पछिल्लो समय प्रतिबन्धका कारण गैरकानुनी रूपमा जाने नेपाली महिलाहरूको संख्या बढ्दो छ, यसले जोखिम निम्त्याएको छ ।' संसदीय समितिले दिएको निर्देशन र मापदण्डका आधारमा घरेलु श्रममा जान महिलाहरूलाई लगाइएको अविलम्ब हटाउन अयोगले अग्रसरता लिने उनको भनाइ छ । पौडेलले प्रतिबन्ध खोल्ने विषयमा सबै सरोकारवाला निकायबीच छलफल गरी परिणाम निकाल्ने र महिलाहरूको अधिकारका लागि महिला आयोग बोल्ने बताइन् ।

पौरखी नेपालकी सहसंस्थापक एवं रणनीतिक सल्लाहकार मञ्जु गुरुङले घरेलु श्रमका लागि विदेश जान चाहने नेपाली महिलाहरूलाई बन्देज लगाएर विभेद गरेको बताइन् । हुनेखाने वर्गले घरेलु श्रमको महत्त्व बुझ्न नसकेको भन्दै उनले विपन्न तथा एकल महिलाको पीडा सरकारले नबुझेकोमा दुःख लागेको बताइन् । 'महिला भएकै कारण स्वतन्त्रपूर्वक घुमफिर र रोजगार छनोट गर्न पाउने अधिकारबाट वञ्चित गरिएको दशकौं भइसक्यो,' गुरुङले भनिन्, 'यस्ताखाले प्रतिबन्धले विमानस्थलमा सेटिङ गर्ने गिरोह, बिचौलिया र मानव तस्करहरूलाई फाइदा पुर्‍याइरहेको छ ।'

विभेद गरेकै कारण आर्थिक अभावमा पिल्सिएका महिलाहरू सरकारले प्रतिबन्ध लगाए पनि अवैध बाटो प्रयोग गरी खाडी मुलुक पुगेको उनको दाबी छ । प्रतिबन्ध समस्याको समाधान नभई यसलाई तत्कालै हटाउन र समानताको नीति अवलम्बन गर्न आयोगले भूमिका निर्वाह गर्नेमा आफू विश्वस्त रहेको गुरुङले बताइन् ।

यसैगरी प्रतिबन्धका कारण वार्षिक ५० हजारभन्दा बढी नेपाली महिला गैरकानुनीरूपमा खाडीलगायतका मुलुकमा गइरहेको र त्यसमध्ये केही महिला दुबईबाट इराक, सिरिया, कुर्दिस्तानलगायत अन्य मुलुकहरूमा घरेलु कामका लागि तस्करी भइरहेकोले यसलाई रोक्नुपर्ने, खुला नीति अपनाउनुपर्नेलगायत मागसहित आयोगको ध्यानाकर्षण गराइएको समाजका अध्यक्ष किसन प्रधानले बताए । वैदेशिक रोजगारमा जाने घरेलु महिला कामदारको तस्करी रोक्न प्रतिबन्ध फुकुवा गरी वैधानिक बाटो खुला गर्न सरकारलाई निर्देशन, सिफारिस तथा नेतृत्वदायी पहल गर्न आयोगलाई हरूाग्रह गरिएको उनले जानकारी दिए ।

नेपाली महिलाहरूले विदेशमा गई घरेलु कामदारको रूपमा काम गर्न पाउने संवैधानिक अधिकारमाथि सरकारले लगाएको प्रतिबन्ध र लैंगिक विभेदप्रति आयोगको ध्यानाकर्षण गराइएको प्रधानले बताए । 'अवैध बाटो र गैरकानुनी प्रक्रियाबाट नेपाली घरेलु महिला कामदार विदेश जानु जोखिमपूर्ण र असुरक्षित भन्ने जान्दाजान्दै सरकारले यसमा ध्यान नदिनु नागरिकप्रति गैरजिम्मेवार व्यवहार हो,' उनले भने ।

## युद्धग्रस्त मुलुकको सेनामा नजान परराष्ट्रको आग्रह

**काठमाडौं (प्रस)–** परराष्ट्र मन्त्रालयले युद्धग्रस्त मुलुकहरूमा सुरक्षासम्बन्धी काममा नेपाली नागरिकलाई भर्ना हुन अनुमति दिने नेपाल सरकारको नीति नभएको जनाएको छ । केही मित्रराष्ट्रहरूको राष्ट्रिय सेनामा नेपाली नागरिक भर्ना हुने परम्परागत रूपमा सम्झौता भएकोबाहेक अन्यमा सेना भर्नासम्बन्धी कुनै नीति नभएको मन्त्रालयले प्रस्ट पारेको छ ।

मन्त्रालयले मंगलबार विज्ञप्ति जारी गर्दै सामाजिक सञ्जाल र सार्वजनिक सञ्चार माध्यममा नेपाली नागरिकहरू विदेशी सेनामा भर्ना भएका भन्ने समाचारको सम्बन्धमा ध्यानाकर्षण भएको उल्लेख गरेको छ । 'कसैको झुक्यानमा परी वा गलत सूचनाका आधारमा युद्धग्रस्त मुलुकहरूमा सुरक्षासम्बन्धी काममा नजानुहुन सबैमा अनुरोध गरिन्छ,' विज्ञप्तिमा भनिएको छ ।

उल्लिखित कार्यमा संलग्न हुँदा आइपर्ने जोखिम र उद्दारमा हुने कठिनाइप्रति सजग रहनसमेत मन्त्रालयले आग्रह गरेको छ । रुस-युक्रेन युद्ध जारी रहेकै अवस्थामा पछिल्लो समय विभिन्न माध्यमबाट नेपालीहरू रुसमा पुग्ने र त्यहाँको सेनामा भर्ती भएका समाचारहरू बाहिरिएपछि मन्त्रालयले विज्ञप्ति जारी गरेको हो ।

मन्त्रालयले गत शुक्रबार पनि नेपाली नागरिकहरूलाई वैदेशिक रोजगारीका लागि पर्यटक वा भिजिट भिसामा थाइल्याण्ड र म्यानमारमा नजान आग्रह गरेको थियो । आकर्षक रोजगारीका लागि गएका नेपाली बन्धक बनेको भन्दै श्रम स्वीकृतिविना उल्लिखित मुलुकमा नजान सचेत गराएको छ । मन्त्रालयले ट्राभल एडभाइजरी जारी गर्दै रोजगारीका लागि विदेश जानुअघि सरकारका सम्बन्धित कार्यालय र विदेशस्थित नियोगमा सम्पर्क गरेर रोजगारदाता कम्पनीबारे बुझ्न पनि आग्रह गरेको छ ।




## कोशीमा अब...

पृष्ठ १ बाट जारी

बताउँछन् ।

सभामुख गौतमले राजीनामा दिएपछि उपसभामुख सिर्जना दनुवार सभामुखको हैसियतमा छिन् । उनले सभामुखको काम, कर्तव्य र अधिकारको प्रयोग गर्न पाउँछिन् । तर, थापाले विश्वासको मत लिनुअघि एमालेले उनलाई राजीनामा गराउने रणनीति अख्तियार गरेको छ ।

कोशीस्थित एमाले संसदीय दलका उपनेता रामबहादुर राना मगर भन्छन्, 'अहिले नै राजीनामा गराउने सोचेका छैनौं । तर, परिस्थिति हेरौं के हुन्छ । परिस्थितिअनुसार उहाँ (सिर्जना)को राजीनामा आउने/नआउने हुन्छ ।'

यदि, राजीनामा नगराएको अवस्थामा दनुवारलाई विश्वासको मत लिने दिन भने बिदामा बसाउन सकिने विकल्पमा पनि एमालेको ध्यान छ । राजीनामा दिइहालेको अवस्थामा भने संसद्को सभामुख र उपसभामुख दुवै पद रिक्त हुन्छ । यस्तो अवस्थामा ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नुपर्छ । बैठकको अध्यक्षले पनि बराबर मत भए मात्रै निर्णायक मत दिन पाउँछन् । नभए नपाउने संविधानविद् डा. विपिन अधिकारीले बताए ।

'सभामुखले जसरी निर्णायक (बराबरी) अवस्थामामात्रै मतदान गर्न पाउँछन्, त्यही व्यवस्था ज्येष्ठ सदस्यको हकमा पनि लागू हुन्छ,' उनले भने ।

थापा भने कठिन बहुमतका साथ चयन भए । विश्वासको मत लिने प्रयोजनका लागि बैठक बस्दा सत्तापक्षकै ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नुपर्ने व्यवस्थाले थापाको मुख्यमन्त्री पद कतै धरापमा त पर्दैन ? प्रश्न उठ्न थालेको छ । सत्तापक्षकै सांसदले अध्यक्षता गरे सत्तापक्षमा ४६ र विपक्षमा एमालेका ४० र राप्रपाका छ गरी ४६ हुनेछ । बैठकको अध्यक्षले बराबर मत भएमात्रै निर्णायक मत दिन पाउँछन् ।

प्रतिपक्षी दलले बैठकमा आफ्ना एक जनामात्रै सांसद अनुपस्थित गराए बराबर मत पुग्दैन र अध्यक्षले निर्णायक मत दिन पाउँदैनन् । यस्तो अवस्थामा संविधानको धारा १६८ को उपधारा (४)अनुसार विश्वासको मत नपाए स्वतः एमालेका हिक्मत कार्की मुख्यमन्त्री बन्नेछन् । कारण, संविधानको सोही धाराको उपधारा (३) अनुसार प्रदेश संसद्मा सबैभन्दा बढी सदस्य भएको दलका नेता कार्की हुन् ।

उनले पनि विश्वासको मत ३० दिनभित्रमा लिनुपर्ने प्रावधान छ । विश्वास लिन नसके सोही धाराको उपधारा (५)अनुसार विश्वासको मत प्राप्त गर्न सक्ने प्रदेशसभा सदस्यले विश्वासिलो आधारसहित मुख्यमन्त्रीमा दाबी पेस गरे मुख्यमन्त्री नियुक्त हुनसक्ने अर्को प्रावधान छ । यसअनुसार पनि नभए उपधारा (७) अनुसार चुनावी सरकार घोषणा हुनेछ ।

राजनीतिक विश्लेषक डा. विष्णु दाहाल कोशी संसद्को गणितलाई आधार मान्दा छिट्टै चुनावी सरकार घोषणा हुने स्थितिमा पुग्न सक्ने बताउँछन् । उनका अनुसार त्यहाँ तरल राजनीतिक अवस्थामा छ । यदि, एमाले-कांग्रेस वा एमालेसँग माओवादी एक ठाउँमा उभिएको अवस्थामा भने सरकार पाँचै वर्ष टिक्न सक्ने उनको बुझाइ छ । तर, तात्कालिक राजनीतिक स्थितिले ती दलहरूबीच सरकार गठन हुने सम्भावना न्यून रहेको दाहालले बताए ।

यद्यपि, नेकपा एमाले नै मध्यावधिमा जाने मुडमा नरहेको दलका नेताहरू नै बताउँछन् । कोशी नामाकरणसँगै अहिले प्रदेशमा जातीय पहिचानको आधारमा प्रदेशको नामाकरण गर्नुपर्ने माग उचालिएको छ । कोशी नामाकरण एमाले नेतृत्वको सरकारले गरेको हो । एमाले यहाँ ४० सिटसहित पहिलो दल हो । एमालेलाई कमजोर पार्न कांग्रेसमात्र हैन माओवादी, राप्रपा र पहिचानवादी शक्तिहरूको पनि चाहना देखिन्छ । यसैले एमाले नै मध्यावधि चाहदैनन् । 'एमाले नै यहाँ निर्वाचन चाहिरहेको छैन, पहिचानवादी आन्दोलनको कारण,' कांग्रेसका एक नेताले भने ।

वर्तमान प्रदेश संसद्बाट पहिलोपटक एमालेका कार्की मुख्यमन्त्री नियुक्त भएका थिए । जतिबेला संघदेखि प्रदेशसम्मै एमाले-माओवादीसहितको गठबन्धन थियो । तर, हाल भने कांग्रेस-माओवादीलगायत दलहरू सम्मिलित अर्को गठबन्धन छ । गठबन्धनकै बलमा थापा दोस्रोपटक मुख्यमन्त्री नियुक्त भएका हुन् ।

## अघि बढाइँदै...

पृष्ठ १ बाट जारी

टुंग्याउने भन्ने नै हो । हामी यसमा संवेदनशील छौं । यसलाई अगाडि बढाउने भन्नेमा नै छ सरकार,' शर्माले मन्त्रिपरिषद्को बैठकपछि मंगलबार साँझ भनिन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमुख सचेतक सन्तोष परियारले कानुन उपसमिति बनाएर छलफल सकिएको र अहिले प्रतिवेदन लेख्ने काम भइरहेको जानकारी सोमबार प्रधानमन्त्री दाहाललाई गराएका थिए । परियार कानुन, न्याय तथा मानवअधिकार समिति सदस्यसमेत हुन् । प्रधानमन्त्री दाहालले केही दिनभित्र नै समितिहरूले पूर्णता पाउने वचन दलका नेताहरूलाई दिएका छन् ।

अन्तर्राष्ट्रियस्तरमासमेत चासो रहेको यो विधेयक 'फास्ट ट्र्याक'का रूपमा पारित गर्ने भनिए पनि समितिमा पुगेको महिनौं बित्दा पनि प्राथमिकतामा परेको छैन । निर्वाचनपछि आएको नयाँ सरकारले पनि विधेयकलाई समितिमा नपठाई पारित गराउने प्रयास गरेको थियो । तर, दलहरूका बीचमा फरक-फरक मत आइरहँदा यो विधेयक रोकिएर द्बबसेको हो ।

### के हो टिआरसी ?

२०५१ फागुन १ देखि १० वर्षसम्म तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीको नेतृत्वमा सशस्त्र द्वन्द्व भएको थियो । उक्त द्वन्द्व तत्कालीन समयमा नेपाली कांग्रेसका नेता तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रयासमा टुंगियो । त्यतिबेला राज्य पक्ष र माओवादीबीच १२ बुँदे सम्झौतासमेत भयो । द्वन्द्वकालमा राज्य पक्ष र माओवादी दुवै पक्षबाट मानवताविरुद्धको अपराध भए । यही मानवअधिकारको गम्भीर उल्लंघन तथा मानवताविरुद्धको अपराधमा संलग्न व्यक्तिहरूको सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरिने विस्तृत शान्ति सम्झौतामा सहमति भएको थियो ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ ले संवैधानिक स्वरूप प्रदान गरी सोको कार्यान्वयनका क्रममा मिति २०७१ वैशाख २८ गते जारी भएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम नेपाल सरकारको २०७१ माघ २७ को निर्णयअनुसार स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन भएको हो । आयोगका पदाधिकारीहरू अहिले रिक्त छन् । प्रधानमन्त्री दाहालले यसबारे दलका नेताहरूसँग छलफल गरे पनि मन्त्रिपरिषद्मा आयोगको पदाधिकारी पदपूर्तिबारे भने कुनै विषय नउठाएको बताइएको छ ।

# 'स्मार्ट सिटी' निर्माणमा शिक्षित जनशक्तिको सहयोग आवश्यक

**ललितपुर (प्रस)–** ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले स्मार्ट सिटीको अवधारणाअनुसार विकास गर्ने योजना सफल पार्न शिक्षित जनशक्तिको विशेष सहयोग आवश्यक रहने बताएका छन् । प्रतिभा बुक बैंकको २९औं वार्षिकोत्सव र सातोआकी इतो स्मृति दिवसको अवसरमा 'बुद्ध र शान्ति' शीर्षकमा आयोजित चित्रकला प्रतियोगिताका उत्कृष्ट विद्यार्थीलाई पुरस्कृत गर्दै उनले सो कुरा बताएका हुन् ।

विद्यार्थी र अभिभावकलाई हौसला मिल्ने यस्ता कार्यक्रम सरहानीय रहेको उनको भनाइ छ । यस्ता रचनात्मक कार्यमा महानगर सधैं सहयोगी रहने प्रमुख महर्जनले बताए ।

प्रतिभा समाजद्वारा आयोजित कार्यक्रममा प्रमुख महर्जनले चित्रकला प्रतियोगिताका प्रथम स्थान हासिल गर्ने आयुषा सुनुवारलाई नगद दुई हजार ५०० रूपैयाँसहित विभिन्न उपहार प्रदान गरे । त्यसैगरी दोस्रो स्थान हासिल गर्ने आकृति मानन्धरलाई एक हजार ५००, तेस्रो हुने सर्ग ताम्राकारलाई एक हजार रूपैयाँ र सान्त्वना पुरस्कार प्राज्ना श्रेष्ठ र ओएन अवालेलाई पाँच-पाँच सय रूपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

---

त्रिभुवन विश्वविद्यालय

**सरस्वती बहुमुखी क्याम्पस**

लेखनाथमार्ग, ठमेल काठमाडौं, नेपाल

फोन नं. ४४११९७१, ४४१२२७२ E-mail: saraswati mc@gmail.com

**सूचना ! सूचना ! सूचना !**

त्रिभुवन विश्वविद्यालय रजिष्टारको कार्यालय कर्मचारी प्रशासन महाशाखाको पत्र संख्या ३ चलानी नं. १२/०७९/०८० अनुसार सरस्वती बहुमुखी क्याम्पस लेखनाथमार्ग, ठमेललाई २ जना **कार्यालय सहायक** कर्मचारी करार सेवामा राख्नु पर्ने भएकाले करार सेवामा कर्मचारी नियुक्ति सम्बन्धी विनियम २०७९ को अधिनमा रही योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट १५ दिन भित्र निवेदन माग गरिन्छ ।

परीक्षाको किसिम : लिखित अन्तर्वार्ता
न्यूनतम शैक्षिक योग्यता : प्रवेशिका वा सो सरह उत्तीर्ण
उमेर : १८ वर्षदेखि ४० वर्षसम्म
आवेदन दस्तुर : १,००० (एक हजार रुपैया मात्र) ।
सम्पर्क ठेगाना : सरस्वती बहमुखी क्याम्पस प्रशासन, लेखनाथमार्ग ठमेल, काठमाडौं ।
परीक्षाको मिति र स्थान : क्याम्पस प्रशासनको सूचनाबाट जानकारी गराइने छ ।
(पुनश्चः थप जानकारीको लागि क्याम्पस प्रशासनमा सम्पर्क गर्न सकिने छ ।)

---

## Melamchi Municipality

**Office of the Municipal Executive**
**Melamchi, Sindhupalchok**
**Bagmati Province, Nepal**
**Contract No: MMSI/GOODS/NCB/SQ/2080-81/01**
**First date of publication: 2080/04/17**

1. Melamchi Municipality invites sealed quotations from registered Suppliers for procurement of Supply and delivery of GI/HDPE Pipe and fitting.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Melamchi Municipality, Melamchi, Sindhupalchok, Phone : 011-401089, email :dms. melamchimun@gmail.comor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,.Bidders should deposit the cost Rs.1000 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.
4. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Ltd . Name of Office: Melamchi Municipality
   Office Account no.: 16803000001001000001 Ga 4.3.1 .Melamchi Na.Pa. Karyalaya
5. Bids must be submitted to the Melamchi Municipality Office through PPMO website www.bolpatra. gov.np/egp on or before 12:00 hours on 2080/04/32 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hours on 2080/04/32 at the office of Melamchi Municipality. Bids must be valid for a period of 45days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of NRs.45000.00 which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No 16803000003000000001 at Nepal Bank Limited and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

---

## मेलम्ची नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

### दरभाउपत्र स्वीकृतिको आशयपत्र जारी गरिएको बारे सूचना

प्रकाशित मिति: २०८०/०४/१७

यस मेलम्ची नगरपालिकाबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित दरभाउपत्र सूचना अनुसार e-bid मार्फत कार्यालयमा दर्ता भएका दरभाउपत्रहरु मध्ये तपसिल बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र न्युनतम मल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्बजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) बमोजिम दरभाउपत्र स्वीकृत गर्ने प्रयोजनार्थ आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | निर्माण कार्यको विवरण | छनोट भएको बोलपत्र दाता | कबोल रकम रु.(मु.अ.क. बाहेक) | |
|---|---|---|---|---|---|
| | | | | स्वामस्वेत प्रति सि.सि. | कलर प्रति सि.सि. |
| १ | MMSI/SQ/2079-80/04 | The Procurement of Publication of NOTICE for F/Y 2080/081 | Future Hub Media Multipurpose (P) Ltd, Anamnagar, Kathmandu | रु.१२०।०० | रु.५००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

---

# साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **NATIONAL BASICS COMPANY LTD.**

पूर्व स्वीकृति मिति २०८०/०२/०१ LT. No.287811 चलानी नं. ६०२०३२४६

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Construction Agent | 7 | 0 | 1000 | ३५०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैँले | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैँले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

---

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

## पूर्वाधार विकास कार्यालय, मोरङ

कोशी प्रदेश,विराटनगर

### बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(सूचना प्रकासित मिति २०८०/०४/१७)

यस कार्यालय बाट मिति २०८०/०२/१८ गतेको राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार मिति २०८०/०३/१८ गते दिउसो १२ बजे सम्म www.bolpatra.gov.np/egp मार्फत दर्ता हुन आएका तथा सोही दिन दिउसो १ बजे खोलीएका वोलपत्रहरूमध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरूको बोलपत्र न्युनतम मूल्याडकित सारभूत रूपमा प्रभावग्राही भइ स्वीकृतिको लागी छनोट भएको हुदाँ सार्वजनिक खरिद एन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ ।

तपसिल :

| सि.नं | विवरण | छनोट गरीएको बोलपत्र दाता | कबोल अंक (मू.अ.कर समेत) |
|---|---|---|---|
| 1 | IDO/MOR/NCB/RW-106/079-80 Construction of Bahuni Khola Box Bridge along Kishan Chowk Tandi Aaitabare Rabi Road | Masud-Purushotam J/V Rangeli, Morang | 20972920.81 |

मन्त्रिपरिषद् बैठक

# संघीय शिक्षा विधेयक संसद्मा पेस गर्न स्वीकृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले बहुप्रतिक्षित संघीय शिक्षा विधेयक संघीय संसद्मा पेस गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को मंगलबारको बैठकले शिक्षा क्षेत्रको समग्र सुधारका लागि सो विधेयक संसद्मा पेस गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई स्वीकृति प्रदान गरेको छ।

संघीय प्रणालीअनुसार नै शिक्षा क्षेत्रलाई अगाडि बढाउने योजनाअनुसार सो विधेयक ल्याइएको सरकारको भनाइ छ। मन्त्रिपरिषद्को बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मन्त्रिपरिषद्को विधेयक समितिले आवश्यक छलफलपश्चात् सो विधेयक अगाडि बढाउने निर्णय गरिएको जानकारी दिइन्।

प्रधानमन्त्री पुष्पकमल दाहालले केही दिनअघि एक सार्वजनिक कार्यक्रममा नै मंगलबार सो विधेयकबारे मन्त्रिरिषद्ले आवश्यक निर्णय गर्ने बताएका थिए। यस्तै, दिगो भूव्यवस्थापनमार्फत लखनदेही नदी बेसिनका जलाधारको पुनःरुत्थान र जीविकोपार्जनमा सुधार परियोजनाका लागि विश्व वातावरण सुविधाबाट प्राप्त हुने करिब २० करोड २२ लाख रूपैयाँ बराबरको सहायता स्वीकार गर्ने निर्णय भएको छ।

लम्पी स्किन महामारीबाट प्रभावित किसानलाई राहत दिने विषयमा पनि बैठकमा छलफल भएको र आवश्यक प्रस्ताव तयार पारेर ल्याउन बैठकले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएको मन्त्री शर्माले बताइन्। सोमबारमात्रै प्रधानमन्त्री दाहालले कृषिमन्त्री डा. वेदुराम भुसालसहित सरोकारवालाको छलफलमा महामारी प्रभावित किसानलाई राहत दिने बताएका थिए।

सोही छलफलका आधारमा लम्पी स्किन महामारीबाट पशु चौपाया मरेका किसानलाई राहत दिन लागिएको हो। यसैगरी सो रोग लागेका पशु चौपायालाई निःशुल्करूपमा खोप उपलब्ध गराउन आवश्यक प्रक्रियासमेत सुरु गरिने भएको छ। ठोस प्रस्ताव बनाएर अर्को बैठकमा पेस गर्न बैठकले कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई निर्देशन दिएको सरकारका प्रवक्तासमेत रहेकी मन्त्री शर्माले जानकारी दिइन्।

त्यस्तै, पशु चौपायाको बिमालगायतका विषयमा पनि महत्त्वपूर्ण छलफल भएको उनले बताइन्। बैठकले विज्ञापन नियमन गर्ने पहिलो संशोधन नियमावली २०८० स्वीकृत गरेको छ। यसैगरी कोशी प्रदेशको सरकार गठनबारे सञ्चारकर्मीको जिज्ञासामा मन्त्री शर्माले त्यो नियमित र प्रदेशको आवश्यक प्रक्रिया भएको बताइन्।

# राजदूत समावेशी नभएकोबारे छलफलमा परराष्ट्रमन्त्रीलाई बोलाइयो

**काठमाडौं (प्रस)–** ससदीय सुनुवाइ समितिले प्रस्तावित छ राजदूत सिफारिसका सम्बन्धमा उठेको समावेशीको मुद्दाका विषयमा परराष्ट्रमन्त्रीसँग परामर्श गर्ने निर्णय गरेको छ। समितिले विभिन्न मुलुकका लागि प्रस्तावित राजदूत र नियोग प्रतिनिधिउपर परेका उजुरीको अध्ययनपछि समावेशीका विषयमा मन्त्रीलाई आगामी बैठकमा बोलाएर जानकारी लिने निर्णय गरेको हो।

सरकारले परराष्ट्र सेवामा रहेका सहसचिव लोकबहादुर थापालाई (न्युयोर्कस्थित नेपाली स्थायी नियोग प्रतिनिधि), रामप्रसाद सुवेदी (स्वीट्जरल्याण्ड), सुधीर भट्टराई (फ्रान्स), घनश्याम लम्साल (कुवेत), तेजबहादुर क्षेत्री (संयुक्त अरब इमिरेट्स) र धनबहादुर ओलीलाई (थाइल्याण्ड)का लागि राजदूत प्रस्ताव गरी सुनुवाइका लागि समितिमा पठाएको थियो।

परराष्ट्रमन्त्रीसँग जानकारी लिएपछि समितिले प्रस्तावित राजदूतसँग योग्यता, कार्यदेश, अवधारणा र सोचबारे जानकारी लिनेछ। यसअघि समितिले उहाँहरूको राजदूतमा नियुक्तिका सम्बन्धमा कुनै गुनासो वा उजुरी भए १० दिने सार्वजनिक सूचना जारी गरेकामा पाँच वटा उजुरी परेका थिए। उजुरीमध्ये एउटा संविधानको मर्म र भावनाअनुरूप समावेशी सिद्धान्तबारे प्रश्न उठाइएको थियो।

# दलहरूबीच सहमति नजुट्दा प्रतिनिधिसभा बैठक स्थगन

**काठमाडौं (प्रस)–** प्रतिनिधिसभाको मंगलबारका लागि तय भएको बैठक यही साउन २२ गतेसम्मका लागि स्थगित भएको छ।

दिउँसो १ बजेका लागि तय भएको प्रतिनिधिसभाको बैठक नियमित सञ्चालनका लागि सभामुख देवराज घिमिरेले कार्यव्यवस्था परामर्श समितिको बैठकमा प्रमुख राजनीतिक दलका सचेतकहरूलाई आग्रह गरे पनि सहमति जुट्न सकेन।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले यही साउन ३ गते सिनामंगलबाट बरामद भएको सुन प्रकरणबारे उच्चस्तरीय छानबिन समिति गठनको माग गर्दै संसद् बैठक अवरुद्ध गर्दै आएको छ। कार्यव्यवस्था परामर्श समितिको बैठकमा सत्तापक्षका मुख्य सचेतकले बैठक सञ्चालन गर्न आग्रह गरेका थिए भने विपक्षी दलका प्रमुख सचेतकले उच्चस्तरीय छानबिन समिति गठन नहुँदासम्म बैठक सञ्चालन हुन नसक्ने बताएका थिए।

सो विषयमा सहमति नभएपछि सभामुख घिमिरेले बैठक स्थगित भएको सूचना प्रकाशित गरेका हुन्। विशेष कारणले निर्धारित समयमा बैठक बस्न नसक्ने भएकाले अर्को मिति तय गरिएको संघीय संसद् सचिवालयका महासचिव डा.भरतराज गौतमले जानकारी दिए।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/०४/१७ गते)

रत्न हरी ढुङ्गेलको नातिनी, शिबहरी उपाध्याय ढुङ्गेलको छोरी, हेडम्ब शंकर अधिकारीको पत्नी सर्लाही जिल्ला, राजघाट वडा नं. ८ घर भई हाल रामेछाप जिल्ला, मन्थली न.पा. वडा नं. २ बस्ने जानुका अधिकारीको मिति २०७९/०७/१६ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको चावहिल (चुच्चेपाटी) शाखामा रहेको बचत खाता नं. २१२०१७५२९३५००००१ मा मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निजको पत्नी राजन शंकर अधिकारीले यस बैंक शाखा चावहिल (चुच्चेपाटी) मा निवेदन दिनुभएको हुँदा उक्त निक्षेप उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय चावहिल (चुच्चेपाटी)मा हकदावी गर्न आउनु होला। म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगेको दरखास्त उपर कुनै कारबाही नहुने व्यहोरा यसै सूचना मार्फत् जानकारी गराउँदछौं।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय चावहिल (चुच्चेपाटी) फोन नं. ०१-४४६१७७४, ०१-४४७६०६७

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८०/०४/१७)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीहरुले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणीहरु तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणीहरु लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८०/०४/३१

**बोलपत्र खोलिने मिति**
२०८०/०४/३२ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | हायरपर्चेज कर्जा | **१) ऋणी : सेफर्ड चिल्ड्रेन एकेडेमी**<br>प्रा.लि. : ३४२०३/०६१/०६२<br>ठेगाना : इटहरी ०४, सुनसरी<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. शिव प्रसाद तिम्सीना**<br>(ना.प्र.नं. २६११८/२८११८, मिति २०५१/११/३० मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : नरेन्द्र शर्मा तिम्सीना<br>बाजे : राम तिम्सीना<br>**२. किशोर खनाल**<br>(ना.प्र.नं. २५६४६, मिति २०५२/०९/०६ मा जि.प्र.का. तेह्रथुमबाट जारी भएको)<br>बाबु : थानेश्वर खनाल<br>बाजे : जय प्रसाद खनाल | यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमका सवारी साधनहरु :<br>१. कम्पनीको नाम : Maruti Suzuki<br>सवारीको मोडेल : EEco Van 75 TR<br>निर्माण वर्ष : २०१८<br>ईन्जिन नं. : U12BN-570610<br>च्यासिस नं. : MA3ER1F1500-593072<br>सवारी दर्ता नं. : को २ च १५०८<br>२. कम्पनीको नाम : Ashok Leyland<br>सवारीको मोडेल : LYNX smart Bus Ch.<br>निर्माण वर्ष : २०१७<br>ईन्जिन नं. : HFEZ200842<br>च्यासिस नं. : MB1PAEBC6HAFG2501<br>सवारी दर्ता नं. : को १ क २३८९ |
| २. | विविध कर्जा | **२) ऋणी : उग्रचण्डी ट्रेडर्स**<br>प्रा.फ.र.नं. : ४७/०६३/०६४<br>ठेगाना : इटहरी ०१, सुनसरी<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. संगिता ताम्राकार**<br>(ना.प्र.नं. ४३३१०/११६९७/०४४, मिति २०४६/०३/०४ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>पति : बबु ताम्राकार<br>ससुरा : राम राज ताम्राकार<br>**२. बबु ताम्राकार**<br>(ना.प्र.नं. १११८/१८८२, मिति २०४२/०९/१६ मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : राम राज ताम्राकार<br>बाजे : मनिराज ताम्राकार<br>**३. विशान्त राज ताम्राकार**<br>(ना.प्र.नं. ३७८९२/०६५/६६, मिति २०६५/०४/१० मा जि.प्र.का. सुनसरीबाट जारी भएको)<br>बाबु : बबु ताम्राकार<br>बाजे : राम राज ताम्राकार | १. बबु ताम्राकारको नाममा सुनसरी जिल्ला मालपोत कार्यालय धरान, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, धरान वडा नं. ३ स्थित कि.नं. ५४७ (०-२-१८-२ विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. बबु ताम्राकारको नाममा मोरङ जिल्ला मालपोत कार्यालय बेलबारी, मोरङ सुनसरीमा दर्ता कायम रहेको मोरङ जिल्ला, दुलारी गा.वि.स./न.पा. वडा नं. १ (ज) स्थित कि.नं. ८५५ (०-८-१८-२ विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. बबु ताम्राकारको नाममा सुनसरी जिल्ला मालपोत कार्यालय इनरुवा, सुनसरीमा दर्ता कायम रहेको सुनसरी जिल्ला, इटहरी उ.म.न.पा. वडा नं. १ (ग) स्थित कि.नं. २१०६ (०-०-३.५-० विगाहा), कि.नं. २१२३ (०-०-२.५-० विगाहा), कि.नं.२१२५ (०-०-१.५-० विगाहा), कि.नं. २१४६ (०-०-०.२५-० विगाहा) र ऐ.ऐ. वडा नं. ८ (ख) स्थित कि.नं. ११३९ (०-१-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३. | विविध कर्जा | **३) ऋणी : हामी दाजुभाइ कृषि तथा पशुपालन प्रा.लि.**<br>दर्ता नं. : २०३०५७/०७५/०७६<br>ठेगाना : मेचीनगर ०४, झापा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. राज कुमार ओली**<br>(ना.प्र.नं. २७७१२४८३, मिति २०५४/०५/२६ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>बाबु : पूर्ण प्रसाद ओली<br>बाजे : नारायण प्रसाद ओली<br>**२. डम्बर कुमारी पाठक**<br>(ना.प्र.नं. ३५४११२१२, मिति २०४६/१२/०३ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>पति : राज कुमार ओली<br>ससुरा : पूर्ण प्रसाद ओली | १. हामी दाजुभाइ कृषि तथा पशुपालन प्रा.लि.को नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, बाहुनडाँगी गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १२९३ (०-१७-०-० विगाहा), कि.नं. १२९१ (०-३-१०-० विगाहा), कि.नं. १७८५ (०-२-१५-० विगाहा) र कि.नं. १७८६ (०-२-५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. राज कुमार ओलीको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, नकलबन्दा गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. ३०० (०-०-५-० विगाहा) र कि.नं. १०७८ (०-०-३-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>३. डम्बर कुमारी पाठकको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, धाईजन गा.वि.स./न.पा. वडा नं. ०५ स्थित कि.नं. ६१२ (०-९-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ४. | हायरपर्चेज/ अटो कर्जा | **४) ऋणी : सुरेन्द्र लामिछाने**<br>(ना.प्र.नं. ३४-०१-७०-०५१०२, मिति २०७०/०४/०३ मा जि.प्र.का. पर्साबाट जारी भएको)<br>ठेगाना : वीरगंज १५, पर्सा<br>बाबु : शालिकराम लामिछाने<br>बाजे : जगनाथ लामिछाने<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. शालिकराम लामिछाने**<br>(ना.प्र.नं. १४८७, मिति २०३९/११/२२ मा जि.प्र.का. पर्वतबाट जारी भएको)<br>बाबु : जगनाथ लामिछाने<br>बाजे : नाम प्राप्त नभएको<br>**२. विष्णु लामिछाने**<br>(ना.प्र.नं. ५११०२७/४४, मिति २०६४/०५/३१ मा जि.प्र.का. पर्वतबाट जारी भएको)<br>बाबु : शालिकराम लामिछाने<br>बाजे : जगनाथ लामिछाने<br>**३. लक्ष्मी लामिछाने**<br>(ना.प्र.नं. २६६६३, मिति २०५६/०९/०८ मा जि.प्र.का. पर्वतबाट जारी भएको)<br>पति : शालिकराम लामिछाने<br>ससुरा : जगनाथ लामिछाने | यस बैंकको नाममा दर्ता रहेको तपसिल बमोजिमका सवारी साधन :<br>कम्पनीको नाम : Ashok leyland<br>सवारीको मोडेल : AXLE COWL CHASSIS TRUCK<br>निर्माण वर्ष : २०१६<br>ईन्जिन नं. : GDHZ408533<br>च्यासिस नं. : MB1KACFD7GRDN9008<br>सवारी दर्ता नं. : ना ६ ख ७५५० |
| ५. | विविध कर्जा | **५) ऋणीहरू : (क) करिमक फर्निचर**<br>उद्योग दर्ता नं.: १२३/३५४/८०७४<br>ठेगाना : कन्काई ०९, झापा<br>**(ख) करिमक सप्लायर्स**<br>प्रा.फ.र.नं.: ३८४/११३२७<br>ठेगाना : कन्काई ०९, झापा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. विन्द्र राजवंशी**<br>(ना.प्र.नं. ३२३५५१०, मिति २०६४/११/२२ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>बाबु : चैतु राजवंशी<br>बाजे : नापी लाल राजवंशी<br>**२. श्यामा राजवंशी**<br>(ना.प्र.नं. ३२३५१५५८, मिति २०६०/०५/२९ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>पति : विन्द्र राजवंशी<br>ससुरा : चैतु राजवंशी | १. श्यामा राजवंशीको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, चारपाने गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. १५०२८ (०-०-१५-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. विन्द्र राजवंशीको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, घैलाडुब्बा गा.वि.स./न.पा. वडा नं. ०६ स्थित कि.नं. ५९२ (०-१-०-० विगाहा) र कि.नं. ५७९(०-१-०-० विगाहा) र ऐ.ऐ. वडा नं. ०९ स्थित कि.नं. ६६१ (०-१-०-० विगाहा) र कि.नं. ७५१(०-१-०-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ६. | विविध कर्जा | **६) ऋणी : शारदा सप्लायर्स**<br>प्रा.फ.र.नं. : ८९४/१२९७४/३/१४<br>ठेगाना : हल्दीबारी ०२, झापा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. शारदा कुमारी लिङदेन**<br>(ना.प्र.नं. ७६१५, ३८१७, मिति २०४४/०५/०९ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>पति : इन्द्र कुमार कन्दङवा<br>ससुरा : चित्रखर कन्दङवा<br>**२. इन्द्र कुमार कन्दङवा**<br>(ना.प्र.नं. ३५४१२३८८, मिति २०५२/०२/२६ मा जि.प्र.का. झापाबाट जारी भएको)<br>बाबु : चित्रखर कन्दङवा<br>बाजे : पदम बहादुर कन्दङवा | शारदा कुमारी लिङदेनको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, हल्दीबारी गा.वि.स./न.पा. वडा नं. ०८ (क) स्थित कि.नं. २६३९ (०-१५-०-० विगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ७. | विविध कर्जा | **७) ऋणी : श्वेता इन्टरनेशनल नेपाल प्रा.लि.**<br>दर्ता नं. : १३६१४८/७१/०७२<br>ठेगाना : बिर्तामोड ०१, झापा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. स्वेता थापा**<br>(ना.प्र.नं. ०१२८८१३०३, मिति २०६०/०७/१८ मा जि.प्र.का. झापाबाट जारी भएको )<br>पति : विशाल थापा<br>ससुरा : गंगा बहादुर थापा<br>**२. विशाल थापा**<br>(ना.प्र.नं. १२४२४ मोरङ, मिति २०५१/०२/१२ मा जि.प्र.का. झापाबाट जारी भएको )<br>बाबु : गंगा बहादुर थापा<br>बाजे : जंग विर थापा | स्वेता थापाको नाममा झापा जिल्ला मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता कायम रहेको झापा जिल्ला, शनिश्चरे गा.वि.स./न.पा. वडा नं. ०८ स्थित कि.नं. ६४२ (०-४-१०-० विगाहा), कि.नं. ६४५ (०-१४-०-० विगाहा), कि.नं. ५४४० (०-३-५.५-० विगाहा) र कि.नं. ५४४२ (०-२-१४.५-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ८. | आवास कर्जा | **८) ऋणी : इन्द्र बहादुर महता**<br>(ना.प्र.नं. १५२०८, मिति २०५३/१२/०८ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>ठेगाना : धनगढी ०१, कैलाली<br>बाबु : उदय बहादुर महता<br>बाजे : गोरे सिंह महता<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**इन्द्र बहादुर महता**<br>(ना.प्र.नं. १५२०८, मिति २०५३/१२/०८ मा जि.प्र.का. कैलालीबाट जारी भएको)<br>बाबु : उदय बहादुर महता<br>बाजे : गोरे सिंह महता | इन्द्र बहादुर महताको नाममा काठमाडौं जिल्ला मालपोत कार्यालय कलंकी, काठमाडौंमा दर्ता कायम रहेको काठमाडौं जिल्ला, स्यूचाटार गा.वि.स./न.पा. वडा नं. ०८(क) स्थित कि.नं. ७५० (०-०-२-० रोपनी) र कि.नं. ७४५ (०-३-०-० रोपनी) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ९. | अधिविकर्ष कर्जा | **९) ऋणी : हिमानी इलेक्ट्रेनिकस**<br>प्रा.फ.र.नं. : १८०/०६८/०६९<br>ठेगाना : श्रीपुर ०४, कञ्चनपुर<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. रिता चौधरी**<br>(ना.प्र.नं. ७५२०१८/७२९, मिति २०६७/०२/३१ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>पति : राज कुमार चौधरी<br>ससुरा : ज्ञानु चौधरी<br>**२. मंगली चौधरी**<br>(ना.प्र.नं. १०६६, मिति २०४६/०२/०७ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>पति : राम लाल चौधरी<br>ससुरा : ज्ञानु चौधरी<br>**३. राज कुमार चौधरी**<br>(ना.प्र.नं. १२८९, मिति २०६०/०५/०१ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>बाबु : ज्ञानु चौधरी<br>बाजे : चामुरे चौधरी<br>**४. राम लाल चौधरी**<br>(ना.प्र.नं. १६४/१६४, मिति २०४४/११/०९ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>बाबु : ज्ञानु चौधरी<br>बाजे : चामुरे चौधरी<br>**५. दिलेन्द्र चौधरी**<br>(ना.प्र.नं. ७५३०१८/४३१, मिति २०६३/१०/१० मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>बाबु : राम लाल चौधरी<br>बाजे : ज्ञानु चौधरी<br>**६. सानु चौधरी**<br>(ना.प्र.नं. ७५२०१८/२४५६, मिति २०६९/११/०३ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>पति : दिलेन्द्र चौधरी<br>ससुरा : राम लाल चौधरी | रिता चौधरीको नाममा कन्चनपुर जिल्ला मालपोत कार्यालय बेलबारी, कन्चनपुरमा दर्ता कायम रहेको कन्चनपुर जिल्ला, श्रीपुर गा.वि.स./न.पा. वडा नं. ०५ स्थित कि.नं. २४०० (२१४९.०० व.मि.) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

## संसद् अवरोध किन ?

नेकपा एमालेको अवरोधका कारण संघीय संसद्को बैठक बस्न सकेको छैन । दैनिक जनजीविकाका विषयदेखि एक क्विन्टल सुनका विषयमा सांसदहरूले आवाज उठाउनै नपाउनेगरी प्रमुख प्रतिपक्षी दल सदनको अवरोधमा उत्रिएको हो । अहिले देशमा लम्पी स्किनको मारमा छन्, किसान । वर्षा बेलैमा नहुँदा किसान मर्कामा छन् । भारतबाट चामल नआउँदा भान्सा महँगिएको छ । टिआरसी विधेयक अघि बढ्न पाएको छैन । नयाँ प्रधानन्यायाधीश चयनको अवधि घर्किसकेको छ । यसका लागि संवैधानिक परिषद्को बैठकले निर्णय दिनुपर्ने हो । तर, मंगलबारको बैठक अनिर्णित नै रह्यो ।

परिषद्मा एमाले अध्यक्ष केपी शर्मा ओली बलिया छन् । कुनै बेला परिषद्को बैठकमा नगएर कांग्रेस सभापति शेरबहादुर देउवा र सभामुख अग्निप्रसाद सापकोटाले ओलीलाई हायलकायल पारेका थिए । सायद ओली त्यसैको बदला लिन चाहन्छन् । यही मौकामा जनता तिल्मिल्याउने गरी एमालेले सदन अवरोध जारी राखेको छ ।

एमालेको माग हो– एक क्विन्टल सुन प्रकरणमा उच्चस्तरीय छानविन समिति । ठूलो परिमाणमा भित्रिएको सुनमा राजनीतिक कनेक्सन भएको चर्चा छ । त्यसमा पनि एमाले र माओवादी आरोपप्रत्यारोपमा उत्रिएका छन् । कांग्रेसका सांसद सुनिल शर्माले आफ्नै पार्टीका अर्थमन्त्री यसमा संलग्न रहेको आरोप लगाएका छन् । एमालेले गृहमन्त्रीबाट नारायणकाजी श्रेष्ठको राजीनामा माग्दा शर्माले अर्थमन्त्री डा. रामशरण महतको राजीनामा मागेका छन् । यस्तो अवस्थामा सुन प्रकरण गिजोलेर वास्तविक दोषीलाई दलहरूले बचाउन खोजेको अनुमान जनताले गर्न थालेका छन् । नभए कुनै मुद्दा नपाएझैं एमालेले यही विषयलाई उछाल्नुको कुनै कारण छैन ।

उच्चस्तरीय छानविन समिति फगत सोधपुछ गर्ने संयन्त्रमात्र हो भन्ने बुझाइ आमरूपमा परिसकेको छ । विगतका घटनाहरूमा पनि उच्चस्तरीय छानविन समितिले माखो मार्ने काम गरेन । ३३ किलो सुन काण्ड यसरी नै फासफुस भयो । बरु यस्ता प्रकरणमा निर्दोष फस्ने र दोषी उम्कने काम विगतदेखि नै भइरहेको छ । तर, सुल्झेका घटना कमै छन् । उच्चस्तरीय छानबिन समिति बनाउँदा घटनाको छानविनमा ढिलाइमात्र हैन, दोषी उम्कने बाटोसमेत पाउँछ । त्यसैले यसका लागि 'फास्ट ट्र्याक'मा प्रहरीको अनुसन्धान टोलीसमेत संलग्न गराएर छानविन अघि बढाउनुपर्ने हो । राजस्व अनुसन्धान विभागलाई जिम्मा दिएर प्रहरी पन्छिँदा अहिले घटना सेलाउँदै गएको छ भने अनुसन्धान फितलो । एमालेले बरु यो विषयमा आवाज उठाउनुपर्नेमा समिति बनाउने मागमा जोड दिएको छ । यसरी समितिको माग गर्दै सदन अवरुद्ध गर्नुभन्दा अनुसन्धानलाई सघाउने र सदनमा जनसवालका विषयलाई बुलन्द बनाउने वातावरण बनाओस् एमालेले ।

## मनन्योग्य

### चाणक्य नीति

एक ब्राह्मणले आफ्ना खुट्टा पक्रिएको देखी मगधका अमात्य शकटार असमञ्जस स्थितिमा परे । ब्राह्मणसँग सोधे- भद्रपुरुषको परिचय पाउँछु ? विष्णुगुप्त सम्हालिएका थिए र बेहाल हुँदै भने- के पिताजीले आफ्नो छोरालाई बिर्सनुभयो ? म तपाईंकै कौटिल्य हुँ, चणकपुत्र...तर लोक मलाई तक्षशिलामा विष्णुगुप्तका नामले चिन्दछन् ।

शकटार पनि आश्चर्यचकित भए । उनलाई विश्वास लागेन किनकि चणकका छोरा त मरिसकेका थिए । तर, तिनै व्यक्ति कौटिल्य एक विद्वान् पुरुष विष्णुगुप्तका रूपमा अगाडि थिए जसको चर्चा शकटारले धेरै सुनेका थिए । उनले आँखाभरि आँसु पार्दै विष्णुगुप्तलाई छातीमा लगाए अनि भन्न लागे- 'ईश्वरले मगधलाई फेरि एउटा अमूल्य रत्न दिए । यो बूढो शकटारको इच्छा अब अवश्य पूरा हुनेछ ।'

विष्णुगुप्तले शकटारलाई आफ्नो कुटीमा लगे । त्यहाँ दुवैबीच देशको वर्तमान स्थितिबारे विचार-विमर्श भयो । शकटारले महानन्दको विलासिता, निरंकुशता झन् बढेको बताए किनभने राज्यको बागडोर महामात्य राक्षसका हातमा रहेको थियो ।

महानन्दका दिनहरू राजपाठबाट विमुख भई अधिकांश सुरा र सुन्दरीका साथमा बित्थे । जनतामा मनमानी ढंगले करको बोझ थपियो । प्रतिरोध गर्नेलाई सबैको मारिन्थ्यो । यही दमनचक्रले गर्दा महानन्दविरुद्ध कोही बोल्न सक्दैनथे ।

हु......हुंकार गर्दै गम्भीर स्वरमा विष्णुगुप्तले भने- 'यत्रो अत्याचार हुँदा पनि तपाईंहरू सबै सँगठित किन हुनुभएन ? जनतालाई अत्याचारको कुरा किन नभनेको जनताबाट उठाएको धन मदिरा र वेश्यामा पानीजस्तै बगाइएको छ । यो राजाने त समय आउँदा जनताको रक्षा पनि गर्न सक्दैन ।

विष्णुगुप्त उत्तेजित भएको देखी शकटार भन्छन्- 'त्यो सबै म चाहन्छु, तर म बूढो छ । त्यसमाथि राज्यको मर्यादाले बाँधिएको छ । अब विश्वास भयो यो काम तिमीबाहेक अरूले गर्न सक्दैन ।'

शकटारका यस्ता कुराले चाणक्यको चेहरा झन् रातो भयो । लुकेको प्रतिशोधको ज्वाला फेरि हृदयमा नाच्न लाग्यो । आफ्ना बाबु चणकलाई कसरी मारिएको थियो भन्ने पनि सम्झिए । क्रमशः

# हजार एपिसोडको लक्ष्यमा 'ख्वताबजि'



▶▶ पदम श्रेष्ठ

ख्वताबजिको अर्थ कहीँ कसैका लागि प्रयोग नलाग्ने चिउरा भन्ने हुन्छ । भोज धेरै खाने नेवार समुदायमा खाजा, खाना जे पनि चिउरा अनिवार्य खाइन्छ । खानलाई मात्र होइन, देवतालाई चिउराको गोजा बनाएर चढाइन्छ । पितृ तथा भूत मन्साउन चिउरा निफनेर आउने भुसको च्वकाबजी प्रयोग गरिन्छ । गोजा र च्वकाबजी जस्तै व्यावहारिक जीवनमा काम नलाग्ने चिउराजस्तो मानिसको स्वभाव भएकालाई व्यंग्य कस्दै ख्वताबजि शीर्षक बनाएर हास्यव्यंग्य टेलिसिरियल निर्माण गरिँदै आएको छ ।

कुनै टेलिसिरियल निरन्तर हजार एपिसोड (शृंखला) प्रसारण भयो भन्ने सुन्दा पत्याउन कठिन हुन्छ । कारण, निकै लोकप्रिय सिरियलहरूले पनि निरन्तरता पाएको भेट्टाउन मुस्किल छ । तर, एउटा टेलिसिरियल हजार शृंखलाको लक्ष्यमा अघि बढिरहेको छ । लक्ष्य नजिक पुगिसकेको छ भन्दा पनि फरक पर्दैन । अझ महत्त्वपूर्ण के छ भने, सो टेलिसिरियल नेपाल भाषाको हो । हो, नेपाल भाषाको हास्य टेलिसिरियल 'ख्वताबजि' हजार शृंखलाको लक्ष्यनजिक पुगेको छ । इमेज च्यानलबाट प्रसारण भइरहेको उक्त टेलिसिरियलले ९५० एपिसोड पार गरिसकेको छ । नेपालको इतिहासमा सबैभन्दा बढी प्रसारित टेलिसिरियल बनेको छ 'ख्वताबजि' । यो टेलिचलचित्र मात्र नभएर नयाँ/पुराना कलाकारका लागि कला प्रदर्शन गर्न र नेपाल भाषा सिक्न चाहनेका लागि पनि मञ्चको रूपमा स्थापित भइसकेको छ । नेपाल भाषा, कला, संस्कृतिप्रति प्रतिबद्ध कलाकार र प्राविधिक टिम पनि बनेको छ ख्वताबजि ।

ख्वताबजिको अर्थ कहीँ कसैका लागि प्रयोग नलाग्ने चिउरा भन्ने हुन्छ । भोज धेरै खाने नेवार समुदायमा खाजा, खाना जे पनि चिउरा अनिवार्य खाइन्छ । खानलाई मात्र होइन, देवतालाई चिउराको गोजा बनाएर चढाइन्छ । पितृ तथा भूत मन्साउन चिउरा निफनेर आउने भुसको च्वकाबजी प्रयोग गरिन्छ । गोजा र च्वकाबजी जस्तै व्यावहारिक जीवनमा काम नलाग्ने चिउराजस्तो मानिसको स्वभाव भएकालाई व्यंग्य कस्दै ख्वताबजि शीर्षक बनाएर हास्यव्यंग्य टेलिसिरियल निर्माण गरिँदै आएको छ ।

ख्वताबजिका प्रवर्द्धनकर्ता राजु स्यस्यः र हृदयप्रसाद मिश्र हुन् । उनीहरूको लेखन र निर्जल श्रेष्ठको निर्देशनमा निर्माण भइरहेको सो टेलिसिरियलमा कलाकारका रूपमा प्रवेश गरेका सुरेन्द्र तुलाधर अहिले पर्यायजस्तै भइसकेका छन् । २०५८ सालमा ख्वताबजिसँग जोडिएका लेखक तथा निर्देशक तुलाधर नेपालभाषी फिल्मी दर्शकमाझ स्थापित भइसकेका छन् ।

हजार शृंखला पुऱ्याउने लक्ष्यका साथ क्रियाशील ख्वताबजिको टिमले सुरुआतमा विशुद्ध भाषा सेवाको भावनामात्र लिएको थियो । त्यसो त ख्वताबजिले यहाँसम्म आइपुग्न थुप्रै आरोह अवरोह झेल्नुपरेको अनुभव उक्त टिमको छ । निर्देशक तुलाधरका अनुसार




कोभिड-१९ को अवधिमा सरकारले लगाएको बन्दाबन्दीमा तीन महिना सुटिङ रोकिए । तर, त्यसपछि साताको एक पटक प्रसारण हुने ख्वताबजिको हरेक शृंखला नयाँ कथावस्तुमा आधारित रहेर तयार हुँदै आएको छ ।

### ख्वताबजिमा तुलाधरको संलग्नता

ख्वताबजिले २२ वर्षको अवधिमा हजारौं कलाकार जन्माएको छ । ती मध्येका एक हुन् सुरेन्द्र तुलाधर । निर्जल श्रेष्ठको निर्देशनमा दुई वर्षसम्म 'भोलेन्टियर' भएर काम गरेको उनको अनुभव छ । त्यसपछि राजु स्यस्यःको सहायक निर्देशक भएर करिब ३०० एपिसोडसम्म काम गरे । नेपाल भाषा बोल्ने, बुझ्ने काठमाडौं, ललितपुर, भक्तपुरलगायत उपत्यकाका दर्शकका लागि बनाइए पनि हाल युटचुवमार्फत देश-विदेशका दर्शकसमक्ष पनि पुगेको छ ।

ख्वताबजिले राजनीतिको कथावस्तुलाई खासै छुँदैन । खानेपानी, सरसफाइ, कृषि, शिक्षा, वातावरण, संस्कृति, सम्पदालगायतका सबै गतिविधिलाई प्राथमिकता दिन्छ । हिमाल, पहाड र तराईका कलाकारको आफ्नै भाषा शैलीमा अभिनय गरेर समाजलाई प्रेरित गराउने कथा प्रस्तुत गरिन्छ । ख्वताबजिको प्रसारण सुरू हुँदा राजु र हृदयप्रसादले कलाकारको रूपमा प्रवेश गराउनुअघि तुलाधरले धर्मगत तुफानको निर्देशनमा बनेको नेपाली भाषाको नाटक 'उ फेरि आउनेछ' बाट कलाकारिता सुरु गरेका थिए ।

यसैगरी नेपाल भाषाको नाटक रामशेखर नकर्मीको नकटिनीयापिनीया लभ, श्रीकृष्ण अणुको वल वल, सुरेन्द्र नकर्मीको डम्पिङ साइटमा खेल्थे । त्यसैगरी आफ्नै लेखनमा मिसातयगु आङसा (महिलाको टुप्पी), शताब्दी पुरुष सत्यमोहन जोशीको म्हगसय् नापलाम्हमा कलाकारको भूमिकामा काम गरेका थिए । प्रचण्ड मल्लको तथागत्मा पनि उनले खेले । टेली फिल्म जिपिं बदमास मखु, मुमदुगु जिन्दगी, पानबत्ती, आसाकुटी र याक म्हयाय्मा पनि कलाकारको भूमिकामा रहे पनि तुलाधरको पहिचान ख्वताबजिबाटै बनेको छ ।

सुरुमा अरुकै लेखन निर्देशनमा खेल्न थालेका ख्वताबजि तुलाधरले ३०० एपिसोडपछि टेलिशृंखलाको निर्देशन र कथा लेखन पनि गरिरहेका छन् । वि.सं. २०४७ देखि मञ्चमा 'उ फेरि आउनेछ' शीर्षकको नेपाली भाषाको पूर्णांकी नाटकमा अभिनय गरेर कला क्षेत्रमा प्रवेश गरेका उनले नेपाली र नेपाल भाषाका थुप्रै चलचित्र, नाटकमा अभिनय गरेका छन् ।

नेपाली र नेपाल भाषामा अभिनय/निर्देशन गर्दाको अनुभव सुनाउँदै तुलाधर आफ्नो मातृभाषा, नेपाल भाषामै काम गर्दा आफूलाई सजिलो र रमाइलो लाग्ने बताउँछन् । सुरुमा स्वयंसेवी काम गर्दै गर्दा भावनात्मक सहभागिता मात्र भए पनि हाल आएर आयस्रोतका थुप्रै मार्गहरू खुल्दै गइरहेको उनको अनुभव छ । उनीलगायत कतिपय कलाकारले कलाकारितालाई नै पेसाका रूपमा अवलम्बन गर्न सकेको बताउँछन् तुलाधर ।

बीचमा भाषिक कलाकारिता मात्र गरेर हातमुख जोड्न कठिन भए पनि सात महिनाजति काठमाडौं महानगरपलिकामा काम गरेको उनी सुनाउँछन् । पछि ख्वताबजिलाई निरन्तरता दिनका लागि टेलिभिजन नेतृत्वबाट प्रस्ताव आएपछि त्यसैमा समर्पित भएर लागे तुलाधर । भाषा सेवाका साथसाथ समाजमा देखिएका विकृति विसंगतिका कुरालाई अगाडि बढाउँदै जाँदा आम्दानीका स्रोतहरू पनि खुल्दै जाने गरेको उनले सुनाए । आज स्वयंसेवी भएर काम गर्नुपर्ने अवस्थाबाट उठिसकेको छ, ख्वताबजि टिम ।

निर्देशक तुलाधरले ख्वताबजिमा अभिनय गर्न नयाँ कलाकारलाई पनि मौका दिँदै आएका छन् । हाल धिमे बजाउने नेपालकै प्रथम महिला भक्तपुरकी धिमे मैचा इन्दिरा लाछीमस्युको जीवनीमा आधारित चलचित्रको निर्माण निर्देशनमा पनि उनी लागेका छन् ।

### प्रथम धिमे मैचाको चलचित्र बन्दै

महिलाले बाजा छुनै हुन्न, भन्ने परम्परालाई चिर्दै 'धिमे बाजा' बजाउन थालेकी इन्दिरा नेपालकै पहिलो धिमे बाजा बजाउने महिलाको रूपमा चर्चित छिन् । करिब २९ वर्ष अगाडि उनले धिमे बाजा बजाउन सिकेर टोलको जात्रा, पर्वमा बजाउँदा गाउँका बूढापाकाले महिलाले धिमे बजाएको के देख्नुपरेको ? भनेर टिप्पणी गर्थे । हाल उनकै प्रशिक्षणमा महिलाहरू पनि विभिन्न चाडपर्व, पूजा, विवाह समारोहमा पुरूषसँगै बराबरी सहभागिता जनाउन थालेका छन् ।

भक्तपुर नगरपालिका-५ आदर्शमा जन्मिएकी लाछिमस्युको घरमा धिमे बाजाको प्रशिक्षण लिन छात्रहरू मात्र आउँथे । उनको हजुरबुबा रत्नलाल र बुबा पञ्चलाल दुवैजना धिमे बाजाका गुरू (प्रशिक्षक) नै हुन् । विद्यार्थीहरूलाई अन्य गुरू पनि आएर धिमे बाजा बजाउन सिकाउँथे । करिब ११/१२ वर्षको उमेरमा लाछिमस्युलाई आफ्नो घरको कोठामा अन्य विद्यार्थीलाई बाजाको तालको बोल सिकाएको र बोलअनुसार धिमे बजाएको सुन्दा मैले नि सिक्न पाए हुन्थ्यो भन्ने लाग्थ्यो । धिमे सिकाउने कोठाबाहिरै बसेर बाजाको तालको बोल कण्ठस्थ पार्न थालिन् । उनले 'म पनि धिमे बजाउन सिक्छु' भन्दा बुबाले 'हुन्छ, गुरूहरूलाई सोधेर जानू' भने । त्यतिबेला उनको घरमा धिमे बाजाका गुरूद्वय गणेशबहादुर सिङ र जर्मन गुरू डा.गेडत वाग्नर आउँथे ।

लाछिमस्यु बुबाको अनुमति पाएपछि कतिबेला धिमे बजाउनु भन्ने जिज्ञासाले गुरू र प्रशिक्षार्थी युवाहरू आउनुअघि नै कोठाभित्र पसेर बजाउन थालिन् । उनले धिमे ठीक तालमा बजाइरहेको देखेर गुरू वाग्नर छक्क परे र खुसी हुँदै 'ल तिमी पनि आजैदेखि सिक्नू' भनेर हौसला दिएको लाछीमस्यु स्मरण गर्छिन् । 'मैले जत्तिबेला धिमेबाजा बजाउन सिकें, त्यतिबेलासम्म पुरूषले मात्र बाजा बजाउँछन् भन्ने आमधारणा थियो, छ महिनाको तालिमपछि टोलको विभिन्न देवताको मन्दिरमा गएर बाजा बजाउने, पूजा प्रार्थना गरेर तालिम समापन गर्ने परम्पराअनुसार म र मसँगै तालिम लिएका समूह बाजा बजाउँदै घुम्दा टोलभरिका मानिस भेला भएर हेरेका थिए,' उनले सुनाइन् ।

त्यसपछि भीडमा जम्मा भएका कतिपय हजुरबा उमेरकाले महिलाले धिमे बजाएको हेर्नुहुन्न, यो के देख्नुपऱ्यो भन्दै कुरा काटे, गाउँघरमा आफ्नो बारेमा टीकाटिप्पणी गरेको देखेर 'भो, म बाजा बजाउँदिन' भनेर बुबासँग दुःख पोखिन् । तर बुबाले 'तिमीले बाजा बजाउन छोड्ने होइन, अन्य दिदीबहिनीलाई पनि सिकाउनु, नयाँ काम गर्दा गाह्रो त हुन्छ तर तिमीले गलत गरेका छैनौं' भन्दै बुबाले दिएको हौसलाले नै आफू नेपालको पहिलो महिला धिमेवादक बन्न सफल भएको लाछिमस्यु बताउँछिन् । आफ्नो रहरलाई पछ्याउँदा र परिवारको सहयोगमा उनको परिचय हाल 'धिमे मैचा'को रूपमा स्थापित भएको छ ।

लाछिमस्युले धिमेबाजाको साथै नौबाजा (करखीङ, पास्टत, नायोखिँ, वखिं, नगरा, ढलक र धाँचा) पनि बजाउँछिन् । त्यसपछि घरमै अन्य महिला, किशोरीलाई पनि भेला गरेर धिमेबाजा सिकाएर थालेको प्रशिक्षकको यात्रा कलाकार लाछिमस्युको अहिले पनि जारी छ । उनले सबै किसिमको बाजा बजाउन महिलाले सक्छन् तर परम्परागत बाजालाई व्यावसायिक दृष्टिले प्रवर्द्धन गर्न नसक्दा सिकेका सबै महिलाले बाजा बजाउने कामलाई निरन्तरता दिन नसकेको पनि बताइन् । कलाकार लाछिमस्युले भने स्कुल, विभिन्न संघसंस्थाले आयोजना गर्ने बाजाको प्रशिक्षणमा प्रशिक्षकको भूमिकामा काम गर्दै मञ्चहरूमासमेत आफ्नो प्रस्तुति दिएर कलाकै क्षेत्रमा सक्रिय छिन् ।

## पत्र–मञ्जुषा

### देशले सही अभिभावक नपाउँदा...

अभिभावक गलत हुँदा घर तहसनहस भएका धेरै उदाहरण छन् । बाबुआमा सही नहुँदाको असर छोराछोरीमा पर्छ । सही बाटो देखाउने ठूला मान्छे नहुँदा स-साना बालबालिका गलत बाटो हिँड्छन् । राष्ट्र पनि त्यस्तै हो । नेतृत्व सही नहुँदाको असर आज सारा नेपाली जनताले भोगिरहेका छन् । देशका नेताहरू कतिसम्म झूठा छन् भन्ने त पछिल्लो घटनाले स्पष्ट पारिसकेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेल सामान्य रोगको उपचार गराउनसमेत भारत पुगे । त्यहाँ लागेको लाखौं खर्चको भार राज्यकोषमा पर्ने भएपछि सर्वत्र विरोध भयो । त्यसपछि राष्ट्रपति कार्यालयले प्रेस विज्ञप्ति जारी गर्दै राज्यकोषबाट एक रूपैयाँ पनि नलिने जानकारी गरायो । राष्ट्रपति पौडेलले आफूलाई उपचार गर्दा लागेको उपचार खर्च आफैंले व्यहोर्ने भनेपछि जनताले पत्याए ।

तर, उनले राज्यकोषबाट उपचार खर्च लिए । देशका उच्च पदस्थहरू यस्ता छन्, अनि मुलुकको अनुहार कसरी फेरिन्छ ? जनतालाई भ्रमित बनाउने काम वर्षौंदेखि जारी छ । कि त प्रेस विज्ञप्ति जारी नगरेको भए हुन्थ्यो । विज्ञप्ति निकालेर, जनतामा आश्वासन छरेर राष्ट्रपति पौडेलले अन्तिममा राज्यकोषबाट उपचार खर्च लिनु कतिसम्म लज्जास्पद विषय हो ?

उपचार नपाएर जनता छट्पटाएको सरकारले देखेको छ ? अधिकांश जनता रोग पालेर बसेका छन् । अस्पताल जाने खर्चसम्म उनीहरू छैन । मर्ने दिन कुरेर जनता बस्नुपरेको छ । सामान्य ज्वरो आउँदा नेताहरू देशविदेश पुग्छन्, तर जनताको पीडादायी अवस्थाचाहिँ यिनीहरू देख्दैनन्, किन ? नेताहरूको उपचारको नाममा बर्सेनि करोडौं रूपैयाँ खर्च भइरहेको छ ।

त्यो पैसाले देशमै राम्रो अस्पताल खोलिदिँदा सबैले सेवा पाउँथे होला नि । यति त सोच्न सक्ने दिमाग यिनीहरूसँग छैन । यस्तालाई नेता भन्नुपरेको छ । कार्यकर्ता बनेर यस्ता 'फटाहा' का पछाडि जनता दौडिरहेका छन् । नेताहरूले जुन पैसा उपचारको नाममा देशविदेश पुगेर उडाएका छन्, त्यो नेपालीको रगतपसिनाको कमाइ हो । उनीहरूले खुट्टामा चप्पल नलगाई तिरेको कर हो ।

खाडीको चर्को घाममा नंग्रा खियाएर पठाएको रेमिटचान्स हो । नेपालीले मरिमरि तिरेको करमा मोजमस्ती गर्न यिनीहरूलाई लाज लाग्नुपर्ने होइन ? देशमा जनताको अवस्था के हो ? उनीहरू कसरी बाँचिरहेका छन् ? यसतर्फ कुनै नेता भनौदाहरूको ध्यान छैन । राज्यकोषको दुरूपयोग गर्न पाइन्छ कि पाइँदैन ? आफ्नो धोक्रो भर्न पाइन्छ कि पाइँदैन ?

नेता को हो ? नेता कस्ता हुन्छन् ? र नेताको अर्थ के हो ? यिनीहरूलाई थाहा छ ? राष्ट्रपति भनेको देशको प्रमुख हो । सारा जनताको अभिभावक राष्ट्रपति हुन्छन् । राष्ट्रपतिको जिम्मेवारी देश र जनता जोगाउनु हो । आफू मरेर पनि देश र जनताको संरक्षण गर्न सक्नुपर्छ, राष्ट्रपतिले । तर, हाम्रो देशको हकमा राष्ट्रपतिको अर्थ नै छुट्टै छ । देशका प्रमुख भन्न पनि जनतालाई लाज लाग्न थालिसकेको छ ।

मुलुकको आर्थिक अवस्था डामाडोल छ । बजारमा पूरै मन्दी छाएको छ । विदेशी ऋण बढेको बढ्यै छ । मुलुकमा देखिएको आर्थिक संकटलाई कम गर्नुको साटो बढाउनतर्फ लागेका छन्, राष्ट्रपति पौडेल । यस्तो जटिल अवस्थामा त उनले आफूले लिइरहेको तलबभत्ता छाड्न सकेनन्, भने जनताका लागि के गर्न सक्छन् ? नैतिकता छ भन्ने पौडेलले राष्ट्रपतिको पदबाट राजीनामा दिए हुन्छ । जनताको नजरबाट त उनी गिरिसके ।

देशको अवस्था सबैले देखेका छन् । तर, पनि अनदेखा गरिरहेका छन् । राज्य उठाउन सरकारले सकिरहेको छैन । लक्ष्यअनुसार राजस्व उठेको छैन । सहकारी भागेर जनता सडकमा ओइरिरहेका छन् । ऋण तिर्न नसकेर ऋणीहरूले आत्महत्या गरिरहेका छन् । देशमा बेरोजगारी बढेको बढ्यै छ । जनतालाई बिहान खाए, बेलुका के खाऊँ भन्ने छ । यस्तो जटिल अवस्थामासमेत यिनीहरूले तलबभत्ता छोड्न सकेका छैनन् ।

राजा ज्ञानेन्द्र होस् या भूपू राष्ट्रपति रामवरण यादव र विद्यादेवी भण्डारी । भूपू मन्त्रीहरू होस् या कर्मचारी, कसैले आफ्नो तलबभत्ता र सेवासुविधा छोड्न सकेका छैनन् । विदेशीबाट हात थापीथापी सरकारी खर्च धान्नुपरेको छ । अहिलेसम्म देश धितो राखेर यिनीहरूले खाइरहेका छन् । खान पाउञ्जुल खान्छन्, भोलि विदेशीले देशमा हस्तक्षेप गर्न खोजे भनेचाँहि जनताले यिनीहरूलाई लखेट्छन् ।

बजारमा महँगीले सीमा नाघेको छ । आम सर्वसाधारणको ढाड सेकिएको छ । खाद्यान्नको मूल्य आकाशिँदा बिहानबेलुका छाक टार्न पनि मुस्किल परेको छ । काम भएकाले पनि तलब पाउन सकेका छैनन् । संघसंस्थाले धमाधम कर्मचारी हटाइरहेका छन् । अनि कहाँबाट ल्याएर खाने ? काम छैन भनेर भोको पेट मान्दैन । यही कारण चोरीका घटना बढिरहेका छन् । यसतर्फ राज्य र दलहरूको ध्यान कहिले पुग्ला ?

*– अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# एकै गाउँका १९ जनामा हेपाटाइटिस

**बैतडी–** पाटन नगरपालिका-४ चिल्लेपानीमा भाइरल हेपाटाइटिस फैलिएको छ । यहाँका १९ जनामा भाइरल हेपाटाइटिस देखिएको हो । एकै घरका तीन बालबालिकामा भाइरल हेपाटाइटिस भेटिएपछि गाउँमा खोज गर्दा थप १६ जनामा यस्तो लक्षण देखिएको स्वास्थ्य कार्यालयका प्रमुख योगेशप्रसाद भट्टले जानकारी दिए ।

भाइरल हेपाटाइटिस देखिएका तीन बालबालिकामध्ये एकजनालाई थप उपचारका लागि धनगढी पठाइएको र दुई जनाको जिल्ला अस्पतालमा उपचार भइरहेको उनले बताए । गाउँका तीन बालबालिका उपचारका लागि जिल्ला अस्पताल आउँदा हेपाटाइटिस देखिएको थियो । प्रमुख भट्टले भने, 'उपचारका लागि आएका बालबालिकामा हेपाटाइटिस पुष्टि भएपछि गाउँमै गएर परीक्षण गरिएकामा थप १६ जनामा पनि संक्रमण पुष्टि भएको छ ।'

स्वास्थ्य कार्यालय र नगरपालिकाले संयुक्तरूपमा भाइरल हेपाटाइटिसका बिरामीहरू खोजी गरिरहेको छ । भाइरल हेपाटाइटिस प्रकोपका रूपमा नफैलियोस् भन्ने उद्देश्यले बिरामीहरू खोजी गरी उपचार गर्न लागिएको उक्त कार्यालयले जनाएको छ ।

दूषित पानी, खानपानलगायत प्रयोगका कारण भाइरल हेपाटाइटिस हुने गर्दछ । भाइरल हेपाटाइटिस भएका बिरामीहरूमा ज्वरो आउने, पेट दुख्ने, वान्ता हुने, खान मन नलाग्ने, जन्डिस हुने, पिसाबमा रगत देखिनेजस्ता लक्षणहरू देखापर्ने गरेका छन् । यो रोगबाट बच्न शुद्धीकरण गरेको पानीमात्रै प्रयोग गर्नुपर्नेमा स्वास्थ्यकर्मीहरूले जोड दिएका छन् ।

**मुहानको पानी परीक्षणका लागि संकलन**

नगरपालिका-४ मा भाइरल हेपाटाइटिसका बिरामी भेटिएपछि सो ठाउँमा रहेका खानेपानीका मुहानको पानी परीक्षणका लागि नमूना संकलन गरिएको स्वास्थ्य कार्यालयका प्रमुख भट्टले बताए । उनले भने, 'हेपाटाइटिस देखिएपछि गाउँमा रहेका मुहानहरूको पानी परीक्षणका लागि संकलन गरेका छौं ।'

यसअघि नमूनाका रूपमा यहाँका खानेपानीका मुहानको पानी परीक्षण गर्दा ५०.८ प्रतिशत मुहानको पानीमा दिसामा हुने 'कोलिफर्म' कीटाणु भेटिएको थियो । *रासस*

# अनुत्पादक क्षेत्रमा लगानी गरिँदैन : मुख्यमन्त्री पाण्डे

**गोरखा (प्रस)–** गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले अनुत्पादक क्षेत्रमा लगानी नगर्ने बताएका छन् । गोरखा नगरपालिका न्यायिक समितिको आयोजनामा मंगलबार सदरमुकाममा आयोजित कार्यक्रममा उनले प्रदेशले प्राथमिकताका आधारमा मात्र विकास निर्माणमा लगानी गर्ने उल्लेख गरे ।

'अनुत्पादक क्षेत्रमा बढी लगानी भयो, प्रदेशको अनुत्पादक क्षेत्रमा लगानी गर्ने नीति छैन,' मुख्यमन्त्री पाण्डेले भने, 'जथाभावी लगानी गरे त्यसले कहिल्यै नतिजा दिन सक्दैन ।' स्थानीय तहका जनप्रतिनिधिले योजना छनोट र प्रस्ताव गर्दा बढीभन्दा बढीले लाभ लिनसक्ने क्षेत्रमा प्राथमिकता दिएर योजना निर्माण गर्नुपर्नेमा उनले जोड दिए । मुख्यमन्त्री पाण्डेले भोट बैंक सुरक्षित गरेर तथा व्यक्तिगत स्वार्थमा केन्द्रित रहेर बजेट छुट्याउने परम्पराको गण्डकीले अन्त्य गरेको उल्लेख गरे । 'एउटै खोलामा एक किलोमिटरको फरकमा पक्की पुल चाहियो भन्दै बजेट माग्ने गरेको पाइयो,' उनले भने, 'नेताहरूले पनि आफ्नो फाइदा हुने ठाउँमा मात्र पुल बनाउनुपर्छ भन्दै दबाब दिने गरेका छन्, स्थानीय जनप्रतिनिधिले वास्तविक आवश्यकताको पहिचान गरेरमात्र योजना निर्माण गर्नुपर्छ ।'

मुख्यमन्त्री पाण्डेले सिँचाइ, खानेपानीलगायत कार्यालयबाट विनियोजित बजेटभन्दा बढी खर्च गरेर भुक्तानी लिने गरेको पाइएको जिकिर गर्दै त्यसको अन्त्य गरिने बताए । 'निश्चित बजेट विनियोजन भएको ठाउँमा आफूखुसी खर्च गर्ने काम बन्द गर्नुपर्छ,' उनले भने ।

गोरखामा मात्र प्रदेश सरकारबाट चालु आर्थिक वर्ष २०८०/८१ मा झण्डै दुई अर्ब रूपैयाँ बराबरको बजेट विनियोजन भएको र त्यसबाट एक हजारभन्दा बढी योजना छनोटमा परेको मुख्यमन्त्री पाण्डेले जानकारी दिए । 'प्रदेशका ८५ वटै स्थानीय तहमा न्यायिक समितिमार्फत हुने न्याय सम्पादनमा सयोग पुर्‍याउन कानुनी सहायक राख्ने गरी छलफल चलाएका छौं,' मुख्यमन्त्री उनले भने ।

## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/१७**

यस सामुदायिक वनको स्वीकृत वन ब्यबस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालयको च.नं. २९९३ मिति २०८०/०१/३१ को वन पैदावार संकलन सहमति बमोजिम उत्पादित काठ दाउराहरू मध्ये समूहमा आन्तरिक खपत भइ बाँकि रहेका गोलिया काठहरूलाई डिभिजन वन कार्यालय, बाँकेको च.नं. १६३ मिति २०८०/०४/१६ गतेको समूह बाहिर बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कर्मा अस्ना, धौटी हर्रो जातका गोलिया थान १५१ को २००२.६ घ.फी. काठ साल जातको दाउरा ५.५० चट्टा अन्य जातको दाउरा ३.०० चट्टालाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग ले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१औं दिन भित्र बोलपत्र खरीद गरी २२औं दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आब्हान गरिन्छ । बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टांस गरेको ब्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**श्री अस्वत्थामा सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी गा.पा.-१, बाँके**

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०३/२७ गते ओखलढुंगा जिल्ला, शिद्धिचरण ११, रमाइलोडाँडा रूम्जाटार जानेबाटोमा सडककिनारामा पार्किङ गरिराखेको अवस्थामा २२० FABS पल्सर कालो, रातो रंगको मोटरसाइकल रातको करिब ११:०० बजेको समयमा हराएकोले पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगाना तथा फोन नं. मा सम्पर्क गरिदिनुहोला ।

**धनीको नाम : दावा शेर्पा**
**बाइक नं.: बा प्र. ०२-०४३ प ४०४८**
**च्यासिस नं.: MD2A13EX5MCJ99232**
**इन्जिन नं. : DKXCMJ33539**
**ठेगानाः खिजिदेम्बा ८, बुसिङ्गा, ओखलढुंगा**
**सम्पर्कः ९८६०८९२३५१**

## कोठा खाली गर्ने सम्बन्धी ७ दिने सूचना

ललितपुर महानगरपालिका वडा नं. १४, थसीखेल स्थित कि.नं. २७४ मा बनेको मेरो घरमा तपाई आशा जोशीले कोठा भाडामा लिई बस्दै आउनु भएकोमा विगत २ वर्षदेखि कुनै सम्पर्क नभएको र कोठामा चाबी लगाई हिड्नु भएकोले उक्त कोठा खाली गर्न यो ७ दिने सूचना जारी गरिएको छ । सो समयभित्र कोठा खाली नगर्नु भएमा कानुन बमोजिम कार्वाही गरिने व्यहोरा जानकारी गराउँदछु ।

**घर धनी**
**मीना श्रेष्ठ ९८४१९७४६३७**
**ललितपुर**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUD HAMAD BIN MANEH & SONS CONTRACTING & TRANSPORTATION OF PETROLEUM PRODUCTS CO. LTD

पूर्व स्वीकृति मिति २०८०/04/१६ | LT. No. 290211 | चलानी नं. ६०२०५४६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ARCHITECTURE SOLUTIONS FOR PROJECTS EST

पूर्व स्वीकृति मिति २०८०/04/१६ | LT. No. 290210 | चलानी नं. ६०२०५४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labour | 7 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैंले | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Reliance Recruitment Services Pvt. Ltd.**
श्रम ईजाजत नं. ९७१/०६७/०६८
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ABDUL MAJEED ABDUL RAHMAN AL JERAISY RECRUITMENT COMPANY BRANCH

पूर्व स्वीकृति मिति २०७८/१२/२१ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/04/१६ | LT. No. 257819 | चलानी नं. ६०२००७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 18 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २३ गते (8th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
श्रम ईजाजत नं. १३१८/७४/७५
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-439046, 4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनीः SHAMS ALWAFA HOSPITALITY SERVICES CO. LLC

पूर्व स्वीकृति मिति २०८०/०३/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/१६ | LT. No.288940 | चलानी नं. ६०२०४२८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 0 | 40 | 1300 | ४६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

कम्पनीः NASARTIST GENERAL CONTRACTING SOLE PROPRIETORSHIP LLC

पूर्व स्वीकृति मिति २०८०/04/04 | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/१६ | LT. No.289602 | चलानी नं. ६०२०४९३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Brick Mason | 5 | 0 | 1200 | ४२,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Labors | 3 | 0 | 800 | २८,६२० | | | | | | | |
| 3 | Shuttering Carpenters | 5 | 0 | 1200 | ४२,९३० | | | | | | | |
| 4 | Steel Fixer | 2 | 0 | 1200 | ४२,९३० | | | | | | | |
| 5 | Tile Mason | 5 | 0 | 1200 | ४२,९३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन १९ गते (4th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१


## बेदकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र/दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०४/१७)**

प्रस्तुत बिषय सम्बन्धमा यस कार्यालयको मिति २०८०/०३/१३ गतेमा प्रकाशित नगरपालिकाको देहायमा उल्लेखित आन्तरिक आय संकलन गर्ने ठेक्का सम्बन्धि कार्यको बोलपत्र सूचना अनुसार तपसिल बमोजिम बोलपत्र दाताले पेश गरेका बोलपत्र अधिकतम रुपमा मूल्याङ्कित तथा सारभुत रुपमा प्रभावग्राही एवं स्वीकृतीका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २(१) को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि ७ दिने सूचना प्रकाशित गरिएको छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्र दातालाई समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | फर्मको नाम | कबोल अंक (भ्याट सहित) |
|---|---|---|---|
| १ | ०१/२०८०/०८१ | के एण्ड ब्रदर्श कन्स्ट्रक्सन प्रा.लि. | ४१,९३,५५५।४३ |

**प्रमुख प्रशासकीय अधिकृत**


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL ARBIYA TRADING

पूर्व स्वीकृति मितिः २०८०/०३/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८०/04/१६ | LT. No.288972 | चलानी नं. ६०२०४३५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Administrative Supervisor | 4 | 0 | 3000 | १०८,३५५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Labour | 4 | 0 | 1000 | ३६,१२० | | | | | | | |
| 3 | Salesman | 0 | 2 | 1300 | ४६,९५५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Target Consultant Human Resources Pvt. Ltd.**
श्रम ईजाजत नं.८३३/०६६/०६७
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SWEETY FOR LADIES BEAUTY SALON CO. SPC

पूर्व स्वीकृति मिति २०८०/04/१६ | LT. No. 290217 | चलानी नं.६०२०५४७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manicure & Pedicure Technician | 0 | 6 | 150 | ६४,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ujyalo Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. १३३९/०७४/०७५
Kathmandu, Nepal Tel : +977-1-4110543, 9819090441
E-mail : ujyalo.overseas2017@gmail.com Website : ujyalooverseas.com



## साउदीमा रोजगारको अवसर

कम्पनी : YES YEM YECH INDUSTRIAL SERVICES CO. LTD

पूर्व स्वीकृति मिति २०८०/04/१५ | LT No.290196 | चलानी नं. ६०२०५४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 2 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone:
(+977) 4112800, Email: inspireintemp@gmail.com


नेपाल सरकार
**खानेपानी मन्त्रालय**
**खानेपानी तथा ढल व्यवस्थापन विभाग (DWSSM)**
**एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना**
पानीपोखरी, काठमाडौं, नेपाल

## लुम्बिनी सांस्कृतिक नगरपालिकामा निर्माण हुने एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०४/१७)

लुम्बिनी प्रदेश, रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा न.१३ मा एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, नेपालबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना पानीपोखरी, काठमाडौं, फोन नः ०१-४४१३७४४<br>ई-मेलः **iwssmp@gmail.com** |
| **प्रस्तावको व्यहोरा** | लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा नं. १३ मा निर्माण तथा सञ्चालन हुने दिसाजन्य फोहोर प्रशोधन केन्द्र (FSTP) तथा १५०-१८८ के.जी क्षमता र २.५ घनमिटरको हर्थ युक्त, करिब १० मि. को चिम्नी भएको इन्सिनिरेटर |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा.** | रुपन्देही जिल्ला, लुम्बिनी सांस्कृतिक नगरपालिका, वडा नं. १३ |

माथि उल्लेखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको परिस्थितिकीय प्रणाली, प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली, साँस्कृतिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न लुम्बिनी सांस्कृतिक नगरपालिका वडा नं १३ तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्नेगरी लिखित राय सुझाव उपलब्ध गराईदिनुहुन अनुरोध गरिन्छ ।

**रायसुझावको लागि पत्रचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एकिकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजना, पानीपोखरी, काठमाडौं, फोन नः ०१-४४१३७४४, ई-मेलः iwssmp@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | Building Design Authority P. Ltd. - SWS Consulting Engineering र SAP Water &Energy Developers को संयुक्त उपक्रम, ओशो भवन, कमलादी, काठमाडौं । फोनः ०१-४२२७३९३, ई-मेलः iwssmp.p2@gmail.com |


प्रभाव दैनिक

बुधबार, १७ साउन २०८० (Wednesday, August 2, 2023)

रूपशाला

## 'सल्के साईला'मा श्रीमान्–श्रीमती बने अनु र राजाराम

गायिका एलिना चौहानको स्वर रहेको नयाँ गीत 'सल्के साईला' सार्वजनिक भएको छ । रामहरि खड्काको शब्द रहेको गीतमा धीर बिक्रम सिंहले संगीत दिएका छन् । गीतको भिडियोमा हाँस्य कलाकार राजाराम पौडेल र अभिनेत्री अनु शाहको अभिनय छ । सियोन श्रेष्ठले निर्देशन गरेको भिडियोमा सामान्यतया, नेपाली समाजमा घट्ने पारिवारिक समस्यालाई देखाउन खोजिएको छ । भिडियोमा अनु र राजारामले श्रीमान्–श्रीमतीको भुमिका निर्वाह गरेका छन् । राजाराम र अनुको छोरा–छोरीको भुमिकामा भने बालकलाकार आरोही शर्मा र गौरव शर्मा छन् । लक्ष्मण गुरूङले निर्माण गरेको भिडियोमा चक्र बहादुर बरालको छायांकन रहेको छ ।



# 'कार्साङ'मा सुरक्षा



**काठमाडौं (प्रस)–** यम शेर्पाको निर्देशनमा बन्ने फिल्म 'कार्साङ'मा अभिनेत्री सुरक्षा पन्त अनुबन्धित भएकी छन् । यार्सा फिल्मस्को ब्यानरमा निर्माण हुन लागेको फिल्ममा मुख्य अभिनेताका रूपमा दयाहाङ राई, बुद्धि तामाङ फाइनल भइसकेका छन् । यस्तै, नवनायिकाका रूपमा छिरिङ शेर्पा अनुबन्धित भइसकेकी छिन् ।

शेर्पा जातिको सामाजिक कथावस्तुमा निर्माण हुन सुरक्षा अनुबन्धित भएसँगै प्रमुख कलाकारहरूको लाइनअप पुरा हुन लागेको निर्देशक शेर्पाले जानकारी दिए । निर्देशक शेर्पाको यो डेब्यू निर्देशकीय फिल्म हो । फिल्ममा उनी स्वयंको लेखन (कथा, पटकथा तथा संवाद) रहेको छ । यसअघि शेर्पाले थुप्रै सर्ट फिल्मको निर्देशन गरिसकेका छन् ।

फिल्मका अन्य कलाकार तथा प्राविधिक चाँडै फाइनल गरिने निर्देशक शेर्पाले बताए । बाँकी कलाकार अडिसनमार्फत छनोट गरिने बताइएको छ । पुरुषोत्तम प्रधानको छायांकन रहने फिल्ममा उनी निर्माताका रूपमा पनि जोडिएका छन् । तिहार लगतै छायांकन गरिने यस फिल्मको बाह्रबिसे नगरपालिका र बाँकी भोटेकोसी गाउँपालिका विभिन्न स्थानमा छायाकंन गरिने निर्माण पक्षले बताएको छ ।

फिल्म 'कार्साङ'को ओभरसिज राइट्स छायाकंनअगावै महँगो रकममा बिक्री पनि भइसकेको छ । यो फिल्मलाई अन्तरर्ाष्ट्रिय बजारमा सेभेन सिज इन्टरटेनमेन्ट कम्पनीले रिलिज गर्ने भएको हो । फिल्मको निर्माण पक्ष र सेभेन सिज कम्पनीबीच केही दिन अघि आधिकारिक सम्झौता भइसकेको छ ।

फिल्मको देशभर वितरणको जिम्मेवारी आरआर फिल्म्स (रोहित-रत्न)ले लिएको छ । ओभरसिज राइट्स बिक्री भएसँगै नेपाल र विदेश एकसाथ फिल्मलाई प्रदर्शन गर्ने निर्देशक शेर्पा बताउछन् ।

# सजिनालाई मिस एलिगेन्सको उपाधि




**काठमाडौं (प्रस)–** श्रीलंकामा आयोजना भएको 'मिस वर्ल्ड टुरिजम २०२३' नेपालको प्रतिनिधि सजिना खनालले 'मिस एलिगेन्स' शिर्षकको उपाधि हात पार्न सफल भएकी छन् । ३५ देशको सहभागीता रहेको प्रतियोगितामा उनले आफुलाई उत्कृष्ट दश भित्र उभ्याउदै उक्त उपाधि हात परेकी हुन् ।

खनालले आफुले श्रीलंकामा उपाधि प्राप्त गरेको खुसी सामाजिक संजालमा सेयर गर्दै सहयोगीलाई धन्यवाद समेत दिएकी छन् । श्रीलंकाको कोलम्बोमा १२ दिन आयोजना भएको प्रतियोगिता हालै सम्पन्न भएको थियो । सर्लाहीकी २२ वर्षीया खनाललाई उक्त प्रतियोगितामा इभेन्ट बेटर ग्यालेक्सी इन्टरटेनमेन्टले 'मिस वर्ल्ड टुरिजम नेपाल'को उपाधि सहित पठाएको हो ।

श्रीलंका उड्नु अगाडि संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराती र खानेपानी मन्त्री महिन्द्र राय यादवले उनलाई मन्त्रालयमा भेट्दै जितको शुभकामना समेत दिएका थिए ।

प्रतियोगितामा नेपाली पहिरन, कलासंस्कृति मार्फत आफुले नेपाल चिनाउन सफल भएको खनालले बताइन् । प्रतियोगिताको सिकाई र अनुभव अगामी दिनको यात्रा अगाडि बढ्न सहयोग पुग्ने उनको बुझाइ छ ।

# 'अदृश्य'को लुक्सले दर्शक लोभ्याउँछ : प्रमोद



**काठमाडौं (प्रस)–** अभिनेता प्रमोद अग्रहरीले फिल्म 'अदृश्य'को आफ्नो लुक्सले दर्शक लोभ्याउने बताए । आगामी शुक्रबार अर्थात् साउन १९ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म अदृश्यमा आफ्नो अहिलेसम्मकै भिन्न लुक्स भएको उनले दाबी गरे ।

'नेपालमा सस्पेन्स थ्रिलर फिल्म कम बन्छ', उनले भने 'त्यो हिसाबले पनि यो फिल्म चल्छ ।' कार्यक्रममा निर्माता तथा निर्देशक प्रहाल्द काफ्ले, रवी गिरी, रिस्ता बस्नेत, प्रविन खतिवडा र प्रिन्स प्रसिड सिंह उपस्थित थिए ।

फिल्मका निर्माता तथा निर्देशक काफ्ले 'अदृश्य' एउटा उत्कृष्ट फिल्म बनेको दाबी गरे । कलाकारदेखि टेक्निकल टिमसम्मले कुनैपनि कम्प्रमाइज नगरी काम गरेकाले आफूले डेब्यु निर्देशकिय फिल्म राम्रो बनाउन सकेको उनको धारणा रहेको थियो ।

फिल्मका अर्का मुख्य कलाकार प्रविन खतिवडाले पनि फिल्म राम्रो बनेकाले दर्शकले रुचाउन सक्ने बताए । प्रमोद अग्रहरी, रिस्ता बस्नेत अनि रवी गिरी जस्ता अग्रज कलाकारसँग काम गर्न रमाइलो भएको र केही नयाँ कुरा सिक्न पाएको खतिवडाले सुनाए । फिल्मकी मुख्य अभिनेत्री रिस्ता बस्नेतले फिलमबाट राम्रो प्रतिक्रिया मिल्ने बताइन् ।

पिताम्बर फिल्मसको प्रस्तुतिमा निर्माण भएको फिल्ममा प्रमोद अग्रहरी, रिस्ता बस्नेत, सोहित मानन्धर, प्रविन खतिवडा, छुल्ठिम गुरुङ, रवी गिरी, सिएम भारद्धाज सुवेदी, विकेश प्रजापती, प्रिन्स प्रसिड सिंह थापा, गीत बिष्ट, सुरज बिष्ट, जसिता घिमिरे, सन्दीप बाबु लोहनी, रूपेश दाहाल, सुजन बज्राचार्य, अजित रेग्मी, रूपेश थापा, अभिमान सिंह बस्नेत र प्रतिक भुजेल लगायतका कलाकारको अभिनय छ ।

राकेश रनपालको कथा, आकाश उखेडाको पटकथा तथा संवाद, उत्तम हुमागाई र मोहन कुमार झिल्लुको छायांकन, विशाल पौडेलको संगीत रहेको फिल्ममा मिना बस्नेत र उमारुद्रा काफ्लेको लगानी रहेको छ । रविन अधिकारी र रिकेश खत्री फिल्मका सह-निर्माता हुन् । फिल्मलाई आरआर फिल्मस्ले वितरण गर्दै छ ।

## रंगशाला

# टी-ट्वान्टी विश्वकप एसिया छनोट लागि २४ खेलाडी छानिए



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल क्रिकेट संघ (क्यान) ले महिला टी-ट्वान्टी विश्वकपको एसिया छनोटको क्याम्पका लागि २४ खेलाडी छनोट गरेको छ । नेपाल क्रिकेट संघ(क्यान) ले मंगलबार महिला टिमकी कप्तान रुबिना क्षेत्रीसहित २४ खेलाडी छानेर क्याम्पका लागि बोलाएको हो ।

विश्वकपको एसिया छनोट आगामी अगस्त २८ देखि सेप्टेम्बर ६ सम्म मलेसियामा हुने छ ।

एसिया छनोटमा १२ देशले भाग लिदै छन् । जसमा नेपाल समुह ए मा रहेको छ । समुह ए मा नेपालसहित बहराइन भुटान, मलेसिया, कतार र युएई रहेका छन् । त्यस्तै समुह बी मा चीन, हङकङ, कुवेत, म्यान्मार र थाइल्याण्ड रहेका छन् । दुवै समुहबाट शिर्ष दुई टिम सेमिफाइनलमा पुग्ने छन् भने फाइनल पुग्ने दुई देश विश्वकपका लागि छनोट हुने छन् ।

# सञ्जीवलाई अमेरिकामा सम्मान

■ प्रभाव संवाददाता




**काठमाडौं–** तेक्वान्दोका अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक एवं निर्णायक सञ्जीव नेपाली अमेरिकामा विशेष सम्मानबाट सम्मानित भएका छन् । खेलकुद क्षेत्रमा पुर्याएको योगदानको उच्च कदर गर्दै अमेरिकाको द सिनेट अफ मेरील्यान्ड र न्यु जर्सी सिटीले उनलाई विशेष सम्मान गरेको हो । उनलाई द सिनेट अफ मेरील्यान्डका काथरिन क्यासमियर र न्यु जर्सी सिटीका काउन्सिल प्रेसिडेन्ट जोयस वाटरम्यानले सम्मान गरेका हुन् ।

अमेरिका बसाइका क्रममा तेक्वान्दो खेलको विकास र विस्तारमा पुर्याएको योगदानको कदर गर्दै आफूलाई सो सम्मान प्रदान गरेको सञ्जीवले बताए । 'अमेरिका बसाइँका क्रममा विभिन्न प्रतियोगितामा प्रतिस्पर्धा गर्नुका साथै अफिसियल रेफ्रीजर्ज र प्रशिक्षकको भूमिका पनि निर्वाह गर्दै आएको छु ।' सञ्जीवले भने, 'त्यही योगदानको कदर गर्दै दुवै संस्थाले सम्मान गरेका हुन् ।'

प्राप्त सम्मान आफ्नो खेल जीवनकै सबैभन्दा ठूलो भएको सञ्जीवले बताए । बारा निजगढका सञ्जीवले तेक्वान्दोका माध्यमबाट विश्वका विभिन्न देशमा पुगेर राष्ट्रको झण्डा फहराउँदै आएका छन् ।

लामो समय तेक्वान्दोमै बिताएका सञ्जीवले आफूले सकुँन्जेल तेक्वान्दोकै विकास र विस्तारमा समर्पित हुने योजना बनाएका छन् । उनले हङकङ, थाइल्यान्ड, इङ्ल्यान्ड, स्पेन, जापान, क्यानडा, अमेरिका लगायतका मुलुकमा पुगेर विभिन्न प्रतियोगितामा सहभागिता जनाउनुका साथै पदक पनि जितेका छन् ।

## हेमन्तलाई तीन कास्य



**काठमाडौं (प्रस)–** नेपालका हेमन्त पालले एसियाली जुनियर भारोत्तोलन च्याम्पियनसिपमा तीन कास्य पदक जितेका छन् । 'डेब्यु' अन्तर्राष्ट्रिय प्रतियोगितामै हेमन्तले मंगलबार पुरुष ७३ केजी तौलसमूहमा ३ कांस्य पदक जित्न सफल भएका हुन् । हेमन्तले स्न्याच, क्लिन एन्ड जर्क र कुलमा गरी ३ कास्य पदक जितेको टिम व्यवस्थापक रामसुन्दर श्रेष्ठले जनाएका छन् । भारतको नोयदामा जारी प्रतियोगितामा हेमन्तले स्न्याचमा ९७ केजी, क्लिन एन्ड जर्कमा ११० केजी गरी जम्मा २०७ केजी भार वहन गरे । हेमन्तको स्पर्धामा ५ राष्ट्रका ६ खेलाडी सहभागी थिए । उज्वेकिस्तानका २ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । थाइल्यान्डले स्वर्ण तथा उज्वेकिस्तानले रजत जिते । प्रतियोगितामा नेपालबाट २ खेलाडी सहभागी छन् । पुरुष ९६ केजीमा सञ्जय यादवले बुधबार प्रतिस्पर्धा गर्ने छन् । सञ्जयको पनि यो 'डुब्यु' अन्तर्राष्ट्रिय प्रतियोगिता हो ।

## कराँते खेलाडीलाई वैदेशिक प्रशिक्षणमा पठाइने

**काठमाडौं (प्रस)–** नेपाल कराँते महासंघको मंगलबार बसेको सचिवालय बैठकले १९औं एसियाली खेलकुद प्रतियोगिताको तयारीमा रहेका कराँते खेलाडीलाई वैदेशिक प्रशिक्षणमा पठाउने निर्णय गरेको छ । बैठकले एसियाली खेलकुदको तयारीका लागि राष्ट्रिय कराँते टोलीका खेलाडीलाई युरोपका विभिन्न राष्ट्रमा प्रशिक्षण गराउने निर्णय लिएको हो ।

महासंघका अध्यक्ष युवराज लामाको अध्यक्षतामा बसेको बैठकले कुमितेतर्फका खेलाडीलाई युरोपको फ्रान्स, जर्मनी र स्विट्जरल्यान्ड तथा इन्डोनेसियामा वैदेशिक प्रशिक्षण गराउने निर्णय लिएको हो । यसैगरी बैठकले कातातर्फका खेलाडीलाई जापान र इन्डोनेसियामा वैदेशिक प्रशिक्षण गराउने निर्णय गरेको छ ।

यसैगरी बैठकले भारतको नयाँ दिल्लीमा आयोजना हुने कराँते प्रतियोगितामा नेपालको राष्ट्रिय 'बी' टोलीलाई सहभागी गराउने निर्णय पनि गरेको छ । बैठकले नेपाल कराँते महासंघको केन्द्रीय कार्यालय त्रिपुरेश्वरबाट सातदोबाटोस्थित कराँते एकेडेमीमा सार्ने निर्णय पनि गरेको छ । एसियाली खेलकुदको १९औं संस्करण चीनको हाङ्झोउमा आयोजना हुँदै छ ।

# सैनिक सरकारबाट नेतृ सुकीलाई आंशिक माफी



**यांगुन–** हिरासतमा रहेकी म्यान्माकी प्रजातन्त्रवादी नेतृ आङ सान सुकीलाई सैनिक सरकारले आंशिक माफी दिएको छ । उनीमाथि लगाइएका पाँचवटा आपराधिक मुद्दामा माफी दिइएको म्यान्माको सरकारी सञ्चारमाध्यमले जनाएको छ । यद्यपि, उनले अझै १४ अन्य वटा मुद्दा खेप्नुपरेको छ ।

आज बुधबार पर्ने आषाढ पूजाका अवसरमा मंगलबार सात हजार बन्दीलाई रिहाइको घोषणा गरेसँगै ७८ वर्षीय नोबेल शान्ति पुरस्कार विजेता सुकीविरुद्धका पाँच वटा मुद्दालाई मुल्तवीमा राखेर क्षमादान गरिएको हो ।

राज्य प्रशासन परिषद्का अध्यक्षले सुकीलाई माफी दिएको सरकारी खबरमा भनिएको छ । उनीमाथि भ्रष्टाचार, गैरकानुनीरूपमा सञ्चार उपकरण 'वाकिटकी' राखेको तथा कोरोना भाइरसविरुद्धका नियम पालना नगरेकोलगायत अपराधमा दोषी ठहर गर्दै ३३ वर्षको कारबासको सजाय तोकिएको छ ।

दुई वर्षअघि नेसनल लिग फर डिमोक्रेसीकी नेतृ सुकीको सरकारलाई अपदस्थ गरेयता म्यान्माका विभिन्न भागमा त्यसको विरोधमा उत्रेकामाथि सैनिक सरकारले व्यापक धरपकड एवं दमन गरेको छ भने समग्र देश रक्तपातपूर्ण हिंसाको चपेटामा परेको छ ।

सैनिक शासनविरुद्धको आन्दोलनमा करिब छ हजार सर्वसाधारण मारिएका छन् भने हजारौं घाइते भएका विवरण सार्वजनिक भएका छन् । म्यान्माका स्थानीय निकायले तीन हजार ८०० जनाभन्दा बढीले ज्यान गुमाएका बताएको छ भने सैनिक अधिकारीले त्यो संख्या पाँच हजारको हाराहारीमा पुगेको जनाएका छन् ।

म्यान्माको सैनिक सरकारले संकटकालीन छ महिना लम्ब्याउँदै आम निर्वाचनमा विलम्ब हुने संकेत गरेको छ । संविधानतः संकटकालीन अवस्था अन्त्य भएको छ महिनाभित्र आमनिर्वाचन गराउनुपर्छ । म्यान्मा परिषद्का कार्यवाहक अध्यक्ष मिन्ट स्वेले मंगलबारदेखि छ महिनासम्म संकटकाल थपिएको सोमबार घोषणा गरेका थिए । *रासस/एएफपी*

# शरणार्थी शिविरमा झडप, ११ जनाको मृत्यु

**बेरुत–** दक्षिणी लेबनानमा रहेको प्यालेस्टिनी शरणार्थी शिविरमा सोमबार लगातार तेस्रो दिन पनि झडप भएको छ । प्रतिद्वन्द्वी गुटहरूबीच भएको हिंसात्मक झडपमा ११ जनाको मृत्यु भएको छ ।

लेबनानको सरकारी सञ्चारमाध्यमका अनुसार देशको सबैभन्दा ठूलो प्यालेस्टिनी शरणार्थी शिविर इन अल-हिल्वेहमा एउटा प्यालेस्टिनी गिरोह जन्द अल-शाम संगठनले शनिबार फताह गुटका एक जना वरिष्ठ सदस्य र उनका चार अंगरक्षकको हत्या गरेको छ ।

जन्द अल-शाम र फताह नामक इस्लामवादी संगठनबीचको द्वन्द्वले आइन अल-हिल्वेहमा तनाव बढेको शिविर नजिकैको एक निजी अस्पतालका प्रशासक रियाद अबो एलेइनले बताएका छन् । शिविरभित्रबाट गोलाबारीको आवाज आएन बन्द भएको छैन ।

प्यालेस्टाइनको राष्ट्रिय एकतातर्फ अघि बढ्ने प्रयासमा फताह र हमासजस्ता प्यालेस्टाइनका विरोधी संगठन इजिप्टमा मेलमिलाप वार्ताका लागि भेला भए पनि गाजा क्षेत्रमा शासन गर्ने इस्लामवादी संगठन हमासले सन् २००७ मा प्यालेस्टिनी प्राधिकरणबाट तटीय क्षेत्र कब्जा गरेदेखि हिंसात्मक झडप रोकिएका छैनन् ।

सन् २०१७ मा प्रतिद्वन्द्वी गुटहरूबीचको द्वन्द्व रोक्न धेरै प्रयास भए पनि फताह र इस्लामवादी समूहबीच धेरै महिना निरन्तर लडाइँ भयोभने त्यसमा परी २० जनाले ज्यान गुमाउनका साथै दर्जनौं घाइते भए । प्यालेस्टिनी समूहले नै शिविरको सुरक्षा गर्ने भएकाले त्यहाँ लेवनानका सुरक्षाकर्मीको कुनै भूमिका हुँदैन । *रासस/एएनआई*


## बोलपत्रद्वारा गोलिया काठ/दाउरा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०४/१७**

यस सामुदायिक वनको स्वीकृत वन ब्यबस्थापन कार्ययोजना अनुसार डिभिजन वन कार्यालयको च.नं. २९९१ मिति २०८०/०१/३१ को वन पैदावार संकलन सहमति बमोजिम तथा च.नं. १६२ मिति २०८०/०४/१६ गतेको समूह बाहिर बाह्य लिलाम सहमति बमोजिम समूहको घाटगद्दीमा रहेका साल, कर्मा अस्ना, धौटी, दवदवे जातका गोलिया थान ९८ को ७०३.१२ घ.फी. काठ साल जातको दाउरा ३.३० चट्टा अन्य जातको दाउरा १.५० चट्टालाई हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाइ लैजाने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले डिभिजन वन कार्यालयमा सूचिकृत भएका इच्छुक काष्ठ उद्योग ले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन भित्र बोलपत्र खरीद गरी २२ औं दिनको कार्यालय समय सम्म सिलबन्दि बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । बिस्तृत सूचना यस समूहको सूचना पाटीमा टांस गरेको ब्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

**श्री सुनसरी सामुदायिक वन उपभोक्ता समूह**
**राप्ती सोनारी गा.पा.१, बाँके**



## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **EXTRA FORCE SECURITY SDN BHD**

पूर्व स्वीकृति मिति २०८०/०४/१५ | LT. No. 290176 | चलानी नं. ६०२०५४६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 3 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैँले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**DREAMLAND MANAGEMENT PVT.LTD.**
**(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)**
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com
Govt. License 776/065/066



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ACCURO SPECIALIST SUPPORT SERVICES LLC**

पूर्व स्वीकृति मिति २०७९/१२/०३ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१६ | LT. No.282706 | चलानी नं. ६०२०१२२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 200 | 200 | 800 | २८,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** कामदार आफैँले **सेवा शुल्कः निःशुल्क**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**(डि. के. रिभर ओभरसिज प्रा.लि)**
**DK RIVER OVERSEAS (P.) LTD.**
Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu,
Tel : 01-4980932/4982214/4955132
Mobile : 9851219532 Email : dkriverhr@gmail.com



## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HAMAKITA SOCIETY OF COMMERCE AND INDUSTRY**

पूर्व स्वीकृति मिति २०८०/०४/१५ | LT. No.290018 | चलानी नं. ६०२०५४९१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Scaffolding | 1 | 0 | 2,07,600 | १,९२,२७० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

**■ प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**■ दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३५,०००/- (पैतिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोटः** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**■ नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**D.N. International Nepal Overseas Employment Agency Pvt. Ltd.**
श्रम ईजाजत नं. १४४/०५६/०५७
Maharajgunj, Chakrapath, Ktm, Tel: 01-5910241/5910242
E-mail :info@dninepal.com,Website:www.dninepal.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **GROCERY CREATIVITY ABANDONED FOODSTUFFS**

पूर्व स्वीकृति मिति २०८०/०४/१६ | LT. No. 290204 | चलानी नं. ६०२०५४८३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shelving Worker | 2 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Gulf Link Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ५८३/०६२/०६३
Basundhara Chauki, Kathmandu, Nepal. Tel: + 977-1-4958004
Fax: +977-1-4006626, Email: info@gulflinkoverseas.com, gulflinkoverseaspvtltd@gmail.com
Website: www.gulflinkoverseas.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ENG HENG MARKETING SDN.BHD.**

पुर्व स्वीकृति मिति २०७९/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/०४/१६ | LT. No. 278637 | चलानी नं. ६०१९४२४३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Whole Sales | 30 | 0 | 1500 | ४३,११५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt. License 1503/074/75
Chandol - 4 Chapalkharkhana, Kathmandu, Tel.-014522477, 014523477, 9862433489



## CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी :**ORTHODOXOU EMPLOYMENT BUREAU LTD.**

पुर्व स्वीकृति मिति २०७९/१०/०४ | पुन विज्ञापन स्वीकृति मिति : २०८०/०४/१६ | LT. No. 279563 | चलानी नं. ६०१९५२०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव EUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker / Labour | 1 | 1 | 500 | ७०,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chambermaids | 0 | 3 | 612 | ८५,९४० | | | | | | | |
| 3 | Cook | 4 | 0 | 800 | ११२,३३५ | | | | | | | |
| 4 | Domestic Worker | 0 | 5 | 315 | ४४,२३५ | | | | | | | |
| 5 | Waiter/waitress | 3 | 4 | 787 | ११०,५१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** ८०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**All-Solution Employment Service Pvt. Ltd.**
श्रम ईजाजत नं. १४५४/०७४/०७५
Basundhara-03, Kathmandu Nepal, Ph No: + 01-5903078, 015903079, 9849442132, E-mail : info@allsolution.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **MINAH FOR OPERATION & INDUSTRIAL SERVICES CO.LTD**

पूर्व स्वीकृति मिति २०८०/०४/१६ | LT No. 290234 | चलानी नं. ६०२०५४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office Worker | 1 | 0 | 1000 | ३५,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० साउन २४ गते (9th Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैँले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु.१,५०० कामदार आफैँले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Access Partners Nepal Pvt. Ltd.**
Gov.Lic.No. : 1101/073/074
Tokha-10, Samakhusi, Kathmandu, Nepal Tel:+977-1-014956899,
Mobile: 9851095260, 9851019507, 9802095260, 9813263946, 9841032112, and 9829582034
E-mail : mail@apnepal.com.np, Website : www.apnepal.com.np



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । **Reachmond Books Shop** (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217** । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार–सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी–बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । **B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं.**9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११२९०० | प्रति तोला – ११२३५० | प्रति तोला – १४५५ |

## किसानलाई दुई बोरा मल ल्याउन दिन समितिको निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** अर्थ समितिले किसानलाई दुई बोरा रासायनिक मल ल्याउँदा भन्सार विन्दुमा झन्झट र बन्देज नहुने व्यवस्था मिलाउने अर्थमन्त्रालयसहित सम्बद्ध निकायलाई निर्देशन दिएको छ । साथै सो जानकारी समितिलाई दिने समेत समितिले निर्देशन दिएको छ । रासायनिक मलको माग तथा आपूर्ति व्यवस्थापन बारे अर्थ समितिमा गत असार २१ गते र सोमबार छलफल भएको थियो ।

'किसानको समस्यालाई मध्यनजर गरी गैर व्यापारिक निजी प्रयोजनका लागि दुई बोरा किसानले मल ल्याउँदा भन्सार बिन्दुमा झन्झट र बन्देज नहुने व्यवस्था मिलाउन अर्थ मन्त्रालयसहित सम्बद्ध निकायलाई निर्देशन दिने र सोको जानकारी समितिलाई दिने,' अर्थ समितिको निर्देशनमा भनिएको छ ।

मुख्यगरी भारतबाट भन्सार छलेर अवैध रूपमा रासायनिक मल आउने गरेको, कालोबजारी हुने गरेको र यस्तो मलको गुणस्तरको प्रत्याभूमिसमेत नहुने समस्या देखिँदै आएको छ । किसानले भन्सार तिरेर आफै मल ल्याउँदा यस्तो समस्या नरहने समितिको बुझाइ छ । किसानले हरेक वर्ष रासायनिक मल अभावको समस्या भोग्ने गरेकाले यसको अल्पकालीन तथा दीर्घकालीन समाधान खोज्न पनि समितिले सरकारलाई निर्देशन दिएको छ ।

मलको माग तथा आपूर्तिको तथ्यांक यकिन गर्न र वैकल्पिक व्यवस्थाका लागि जैविक मल प्रयोगका लागि राष्ट्रिय रणनीति तयार पार्न पनि समितिले निर्देशन दिएको छ ।'मलको माग र आपूर्तिमा ठूलो फरक देखिएकाले यथार्थ तथ्यांक यकिन गरी माग र आपूर्तिबीच देखिएको फरकको पूर्ति गर्न अर्थमन्त्रालयसँग समन्वय गरी कार्ययोजना बनाइ लागू गर्न र समितिमा सो कार्ययोजना पेस गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिइएको छ', समितिको निर्देशनमा भनिएको छ ।

समितिले रासायनिक मलको विकल्पका रूपमा जैविक र प्राङ्गारिक मलको आपूर्ति, व्यवस्था र प्रयोग सम्बन्धमा अन्य निकायसँगको आवश्यक समन्वयमा राष्ट्रिय रणनीति तयार पारी कार्यान्वयन गर्न कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई निर्देशन दिएको हो ।

## निर्माण उपकरणसहित बालुवाटार घेराउ

**काठमाडौं (प्रस)–** नेपाल निर्माण व्यवसायी महासंघले मंगलवार निर्माण उपकरणहरू प्रदर्शन गर्दै प्रधानमन्त्री निवास बालुवाटार अगाडि शान्तिपूर्ण धर्ना दिएको छ । बालुवाटारमा विहान ९ बजेदेखि १० बजे सम्म महासंघले निर्माण उपकरणहरू प्रर्दशन गर्दै धर्ना दिएको हो । संघीय संसद भवन अगाडि प्रदर्शन गर्ने भनिएका निर्माण उपकरणहरू प्रशासनले जफत गरेपछि दिउँसो ३ बजेदेखि ४ बजेसम्म धर्ना मात्र दिइएको हो ।

निर्माण उपकरण सहित संघीय संसद् अगाडि शान्तिपूर्ण प्रर्दशन गर्ने महासंघको पूर्व निर्धारित कार्यक्रम बिथोल्न प्रशासनले निर्माण उपकरणहरू जफत गरेकोमा महासंघले कडा आपत्ति जनाएको छ । प्रशासनको कदम नेपालको संविधान २०७२ को मर्म विपरित रहेको भन्दै महासंघले खेद व्यक्त गरेको छ । आन्दोलनमा प्रशासनको अनावश्यक हस्तक्षेप जारी रहेमा आन्दोलन अझ सशक्त हुने चेतावनी पनि महासंघले दिएको छ ।

बालुवाटारमा विहान धर्ना कार्यक्रमको शुरुवात गर्दै महासंघका अध्यक्ष रवि सिंहले व्यवसायीहरूका जायज मागका बारेमा




सम्बन्धित निकायहरूमा पटक पटक ध्यानाकर्षण गराउँदा पनि कुनै सुनुवाई नभएकाले महासंघ बाध्य भएर सडकमा ओर्लिएको स्पष्ट पारे । महासंघका मागहरू पूरा नभए सबै निर्माण कार्यहरू ठप्प पारी सशक्त आन्दोलनमा उत्रने उद्घोष अध्यक्ष सिंहले गरे ।

धर्नामा सहभागीहरूले विभिन्न निकायमा काम गरे बापतको रकम तुरुन्त भुक्तानी गर, सम्पूर्ण ठेक्काको एकमुष्ट म्याद थप गर, जुनसुकै अवधिको ठेक्काको मूल्य समायोजन गर, बिमा निर्देशिका–२०७८ खारेज गर, उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने नियम खारेज गर, सार्वजनिक खरिद ऐन तथा नियमावली तुरुन्त संशोधन गर लगायतका नारा लगाएका थिए ।

अन्यौलग्रस्त र बजेट नभई काम हुन नसक्ने रुग्ण आयोजनाहरू एवं काबु बाहिरका निर्माण कार्य सुविस्ताको आधारमा अन्त्य गर्नुपर्ने, चेक बाउन्स र बैक ग्यारेण्टी जफत गर्ने लगायतका कार्वाही रोकिनुपर्ने, बिमाको प्रिमियम दरमा भएको वृद्धिलाई खारेज गरिनुपर्ने, श्रोतमा कट्टा गरेको अग्रीम आयकर र मु.अ.करको कट्टी रकम समयमा नियोक्ताले राजस्व खातामा दाखिला गरिनुपर्ने, उपभोक्ता समितिबाट निर्माण कार्य गर्ने व्यवस्था खारेज गरिनुपर्ने र पूर्वाधारसँग सम्बन्धित् सार्वजनिक खरिद ऐन, नियम व्यवसायीमैत्री हुनुपर्ने लगायतका माग पनि महासंघले अघि सारेको छ ।

यसैबीच महासंघको जारी आन्दोलनमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल हेभी इक्विपमेन्ट व्यवसायी महासंघ, नेपाल ट्रिपर व्यवसायी महासंघ लगायतका संघ संस्थाले ऐक्यद्धता जनाएका छन् ।

# कर्पोरेट

## एनआइएमबी एस क्यापिटल र ज्योति विकास बैंकबीच सम्झौता नवीकरण



**काठमाडौं (प्रस)–** एनआइएमबी एस क्यापिटल लिमिटेडले ज्योतिविकास बैंक लिमिटेडसँग आफ्नो सेयर रजिष्ट्रार कम्पनीको साझेदारी नवीकरण गरेका छन् । उक्त सम्झौतामा एनआईएमबी एस क्यापिटल लिमिटेडका तर्फबाट नायब महाप्रबन्धक सचिन्द्र ढुंगाना र ज्योति विकास बैंककातर्फबाट वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत कपिल ढकालले हस्ताक्षर गरेका छन् ।

यो नवीकरणले सेयरधनीहरूलाई प्रभावकारी र विश्वासिलो सेयर रजिष्ट्रार सेवा प्रदान गर्नेछ, साथै एनआइएमबि एस क्यापिटल र ज्योति विकास बैंकको साझा प्रतिवद्धतालाई निरन्तरता एवम् सार्थकता प्रदान गर्नेछ । यीदुवै संस्थाहरूले विगतथुप्रै वर्षहरूदेखि सेयरधनी व्यवस्थापन प्रक्रियालाई सुव्यवस्थित गर्न, पारदर्शिता बढाउन र सरोकारवालाहरूसँग निर्बाध सञ्चार सुनिश्चित गर्न सँगै काम गरिरहेका छन् । यो नवीकरणले एक-अर्काको सेवाप्रदान गर्ने क्षमतामा पारस्परिक विश्वास देखाउनुको साथै एनआइएमबि एस क्यापिटलद्वारा प्रदान गरिएका सेवाहरूको असाधारण गुणस्तरलाई पनि पुष्टी गरेको छ ।

## ग्लोबल आइएमईमा साउन भर महिलालाई नि:शुल्क क्रेडिट कार्ड




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले महिला ग्राहकहरूलाई नि:शुल्क क्रेडिट कार्ड उपलब्ध गराउने गरी श्रावण स्पेसल अफर सार्वजनिक गरेको छ । बैंकले सार्वजनिक गरेको यो योजना अन्तर्गत महिला ग्राहकहरूले निशुल्क रूपमा बैंकको क्रेडिट कार्ड प्राप्त गर्न सक्नेछन् । यो योजना श्रावण १६ गतेदेखि सिमित अवधिका लागि लागु हुनेछ । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले यस्ता किसिमका समयसान्दर्भिक योजनाहरू ल्याएर ग्राहकहरूलाई लाभान्वित गर्दै आएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकले ३५९ शाखा कार्यालय, ३६७ एटिएम, ३२२ शाखा रहित बैंकिङ्ग सेवा, ६४ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा वैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट ४० लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ ।

## ओम हस्पिटलमा वैद्य अर्गनाइजेसनका कर्मचारीलाई उपचारमा विशेष छुट

**काठमाडौं (प्रस)–** चावहिलमा अवस्थित ओम हस्पिटल एण्ड रिसर्च सेन्टर रकाठमाडौं धुम्वाराहीस्थित वैद्य अर्गनाइजेसन बीच विशेष छुट सहित सेवा सम्वन्धी सम्झौता भएको छ ।

वैद्य अर्गनाइजेसनको कार्यलयमा आयोजित संक्षिप्त कार्यक्रममा ओम हस्पिटल एण्ड रिसर्च सेन्टरका प्रमुख कार्यकारी अधिकृत यम वहादुर महत तथा वैद्य अर्गनाइजेसनका निर्देशक वेद वहादुर श्रेष्ठले सम्झौता पत्रमा हस्ताक्षर गरे । वैद्य अर्गनाइजेसनका सदस्य र कर्मचारीहरूको लागी आवश्यक स्वास्थ्य उपचार सेवा सुलभ र सहज रूपमा पु-याउने उदेश्यले सम्झौता गरेको जनाइएको छ ।

सम्झौता अनुसार वैद्य अर्गनाइजेसनसँग सम्बन्धित कर्मचारी तथा निजका परिवारका सदस्यहरूले ओम हस्पिटल एण्ड रिसर्च सेन्टरबाट 'फास्ट ट्र्याक मेडिकल सर्भिस' अन्तर्गत पुर्णकालिन आवश्यक सेवाहरू विशेष छुटमा सहजरूपमा लिन सक्नेछन् ।




सम्झौतामा चिकित्सकसँगको परामर्श, विषेशज्ञ उपचार सेवा, नर्सिङ केयर, एम्बुलेन्स सेवामा समन्वय, ल्याब टेस्ट, विभिन्न खोपको लागी व्यवस्था, रगत परिक्षण तथा प्रि हेल्थ चेकअप सेवा लगायतका सुविधाहरू उपलब्ध हुने जनाइएको छ । ओम अस्पतालले कर्पोरेट डेस्क मार्फत वैद्य अर्गनाइजेसनको संस्थागत सिफारिसमा उपचार तथा परिक्षणका लागि आउने सेवाग्राहिका लागि सम्पर्क ब्यक्तिको समेत व्यवस्था गरेको छ । समारोहमा वैद्य अर्गनाइजेसनका एचआर तथा एडमिन प्रमुख विनिता कुइँकेल र ओम हस्पिटलका विजनेस डेभलपमेन्ट म्यानेजर विनोद अधिकारी सहभागी थिए ।

## सिटिजन्स बैंक र होटल चितवन तथा डिकोड जेनोमिक्सबीच सम्झौता

**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र भरतपुर, चितवनस्थित होटल चितवन तथा बागबजार,काठमाडौंस्थित डिकोड जेनोमिक्स एण्ड रिसर्च सेन्टरबीच सम्झौता भएको छ । सम्झौता अनुसार सिटिजन्स बैंकका ग्राहकहरूलाई ती दुई कम्पनीमा विशेष छुट दिइने छ । सो समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहक र मोबाइल बैंकिङ्ग ग्राहकहरूले होटल चितवनमा २५ प्रतिशत र डिकोड जेनोमिक्स एण्ड रिसर्च सेन्टरमा २० प्रतिशतसम्मको छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुनुको साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित हुने विश्वास बैंकले लिएको छ ।

बैंकले डिजिटल बैंकिङ्गमाध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न






समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुटसम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ । सिटिजन्स बैंकले अहिले १८८ वटा शाखा, १४७वटा ए.टि.एम. ३ विस्तार काउन्टर र ९७ वटा शाखारहित शाखाबाट सेवा दिइरहेको छ ।

## 'क्याफेजा रिच रोस्ट' कफी बजारमा

**काठमाडौं (प्रस)–** केएल दुगड ग्रुपले ज्ञान ब्राण्डअन्तर्गतको नयाँउत्पादन'क्याफेजा रिच रोस्ट' इन्स्ट्यान्ट कफी औपचारिक रूपमा सार्वजनिक गरेको छ । क्याफेजा रिच रोस्ट ह्यान्डपिक गरिएको कफीबिनहरूबाट तयार गरिएको हो, जसमा अरेबिका र रोबस्टाको प्रिमियम मिश्रण समावेश छ, कफी प्रेमीहरूका लागि, ज्ञान क्याफेजा रिच




रोस्ट कफी एक उत्कृष्ट रोजाई हो । उच्च गुणस्तर सुनिश्चित गर्न खाद्य प्रविधिका अनुभवी र कुशल विशेषज्ञहरूले कफीलाई विभिन्न विधिहरूको माध्यमबाट परीक्षण र उपभोगको लागिउत्कृष्ट प्रमाणित गरेका छन् ।

कफी प्रेमीहरूले अब ज्ञान क्याफेजा कफी डिपार्टमेन्ट स्टोरहरू, दराजडटकम तथा किराना पसलहरूमा खरिद गर्न सकिने छ । कफी ४० ग्राम पाउच र ३६० ग्रामको बक्समा उपलब्ध छ ।

## पूर्वाधार विकासमा सहयोग गर्न ढकालको आग्रह

**काठमाडौं (प्रस)–** नेपाल उद्योग वाणिज्य महासङ्घले आर्थिक मन्दिको अवस्थाबाट अर्थतन्त्रको सुधारका साथै वित्तीय पहुँच वृद्धिका लागि सहयोग गर्न अन्तर्राष्ट्रिय वित्त निगमलाई आग्रह गरेको छ । साना तथा मझौला उद्यमको विकास, पर्यटन जलविद्युत् लगायतका पूर्वाधार विकास एवम् लगानी प्रवर्द्धनमा निगमको साथ र सहयोग आवश्यक रहेको महासङ्घको भनाइ छ ।

महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालसँग निगमका उपाध्यक्ष सुसन लनको मंगलबार भएको भेटमा उक्त आग्रह गरिएको हो । कोभिडपछिको तीव्र विस्तारको व्यवस्थापन गर्न नसक्दा मूलत: आफ्नै कारणले अहिले अर्थतन्त्रमा समस्या रहेको र निजी क्षेत्र संकुचित हुँदा सरकार र सर्वसाधारण पनि मर्कामा परेको अध्यक्ष ढकालले बताए । निजी क्षेत्रले काम गर्न नपाउँदा राजस्व करिब १३ प्रतिशतले घटेको र चर्को मूल्यवृद्धिका कारण सर्वसाधारणको क्रियशक्ति पनि घटदै गएको उनको भनाइ छ । सो अवसरमा नेपालको तीन दिने भ्रमणमा रहनुभएकी उपाध्यक्ष लनले निजी क्षेत्रको प्रवर्द्धनका लागि महासङ्घसँग सहकार्य गर्न आफू तयार रहेको बताए ।

पछिल्लो समय निगमसँगको सहकार्यमा महासङ्घले अर्थतन्त्रमा निजी क्षेत्रको योगदान प्रतिवेदन र साना तथा मझौला उद्यमी सम्मेलन आयोजना गरेको थियो । महासङ्घले साना उद्यमीका लागि सुरु गर्न लागेको विकास केन्द्र र सीप विकास महत्वपूर्ण रहेको उपाध्यक्ष लनको भनाइ थियो । लनले निगममा आर्थिक सुधार, निजी क्षेत्र र लगानी प्रवर्द्धन लगायतका विषयको नेतृत्व गर्छन् ।

भेटका क्रममा महासङ्घका वरिष्ठ उपाध्यक्ष अञ्जन श्रेष्ठले अधिकांश उद्योग न्यून क्षमतामा सञ्चालित रहेकाले बजार चलायमान बनाउन आवश्यक रहेको बताउनुभयो । महासङ्घका उपाध्यक्षद्वय हेमराज ढकाल र ज्योत्सना श्रेष्ठले कर प्रणालीको सुधार र नेपालको तुलनात्मक लाभ भएका वस्तुको प्रवर्द्धन आवश्यक रहेको बताए । महासङ्घ लगानी तथा अन्तर्राष्ट्रिय मामिला फोरमका सभापति मनोज पौडेलले लगानी विस्तारका बारेमा नीतिगत सुधार आवश्यक रहेको बताएको महासङ्घले जनाएको छ ।

## नेप्सेमा लगातार गिरावट

**काठमाडौं (प्रस)–** नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक उच्च अंकले घटेको छ । मंगलबार कारोबारमा नेप्से परिसूचक २८ दशमलव ५९ अंकले घटेर दुई हजार ७७ दशमलव ५८ को बिन्दुमा कायम भएको हो । नेप्सेका अनुसार विभिन्न दुई सय ६२ कम्पनीको ६० लाख १५ हजार ६७ कित्ता सेयर ४० हजार आठ सय ३७ पटक खरिदबिक्री हुँदा रू एक अर्ब ९२ करोड ४४ लाख ३४ हजार नौ सय बराबरको कारोबार भएको छ ।

म्युचुअल फन्ड समूहको उपसूचक शून्य दशमलव ०५ अंकले बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै निर्जीवन बिमा समूहको उपसूचक दुई सय ७४ दशमलव ६४ र जीवन बिमा समूहको उपसूचक दुई सय २२ दशमलव ५३ अंकले घटको छ ।

बैंकिङ समूह १२ दशमलव २३, विकास बैंक ७६ दशमलव २५, वित्त ४५ दशमलव ०९, होटल तथा पर्यटन एक सय २३, जलविद्युत् २९ दशमलव ९६, लगानी शून्य दशमलव ७१ र उत्पादन तथा प्रशोधन समूह ७६ दशमलव ७७ अंकले घटेको छ ।

त्यस्तै, लघुवित्त ५४ दशमलव ०९, व्यापार ४४ दशमलव ८३ र अन्य समूह १५ दशमलव १९ अंकले घटेको छ । अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको सबैभन्दा धेरै रू आठ करोड ७४ लाख तीन हजार आठ सय ८५ बराबरको सेयर कारोबार भएको छ ।




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ